म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ८३ आइतबार १२ कार्तिक २०८० ने. सं. ११४३ कौलागा 29 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

चाडपर्व हाम्रा
साँस्कृतिक पहिचान ।
मद्यपान र जुवातास
विकृतिका मुहान ।।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मकवानपुरगढीमा आन्तरिक पर्यटकको घुईंचो

साझाकुरा संवाददाता

हेटौंडा, ११ कार्तिक/ विगतझैं दशैंमा मकवानपुरगढीमा आन्तरिक पर्यटकको घुईंचो लागेको छ । दशैंको बिदामा मकवानपुरगढी दरबार क्षेत्र घुम्नका लागि प्रमुख गन्तव्य बनेको हो ।

फुलपाती, अष्टमी र नवमीका दिनबाट आन्तरिक पर्यटकको आवागमन बाक्लो भएको मकवानपुर गढी गाउँपालिका २ नम्बर वडा अध्यक्ष बखान सिं पाखिनले जानकारी दिए । दशैंमा आन्तरिक पर्यटकको घुईंचो लाग्ने भएपछि २ नम्बर वडा कार्यालयले सरसफाई गरेर दरबार क्षेत्र सुन्दर बनाएको थियो । नेपालमा पछिल्लो समय दशैं र तिहारको चाडपर्व विदामा आन्तरिक पर्यटकहरु स्वदेशकै पर्यटकीय क्षेत्र अवलोकनमा निस्कने क्रम बढेसँगै मकवानपुरगढी दरबार क्षेत्रमा पनि पर्यटकको घुईंचो लागेको हो ।

हेटौंडा बजारबाट करिब १८ किलोमिटरको दुरीमा रहेको मकवानपुरगढीमा तराईका जिल्लाबाट अधिकांश पर्यटकहरु आएका छन् । रौतहटको चन्द्रनिगाहापुर नगर पालिकाबाट आएका राजन सापकोटाको परिवारले धेरै वर्षदेखि आउन मन लागेको मकवानपुर गढीमा घुम्न दशैंले जुराएको जनाएका छन् । सापकोटाले दशैंमा ससुराली आउँदा मकवानपुरगढी दर बारमा घुम्न आएको सुनाए । 'मकवानपुरगढी दरबार मात्रै होला भन्ठानेको थिएँ । यहाँ आएपछि थाहा पाइयो की, मकवानपुरगढीको ठूलो इतिहास रहेछ ।', उनले भने । मकवानपुरगढीबाट नेपाली सेनाको गठन सुरु भएको र मकवानपुरको सीमाना फैलिएको कुरा थाहा पाएको सापकोटाले बताए ।

हेटौंडा-७ कमानेकी आशा श्रेष्ठले वर्षौंदेखिको प्रयासको बाबजुद दशैंमा मकवानपुरगढी पुग्ने अबसर पाएको बताइन् । घरमा आएका पाहुनालाई लिएर उनी



मकवानपुरगढी दरबार पुगेकी थिइन् । मकवानपुरगढीको जीणीद्धार कार्य भइरहेको छ । ऐतिहासिक मकवानपुरगढी जीणीद्धारसँगै पुराना आकृति अंकित संरचनाहरुलाई व्यवस्थित र सुन्दर बनाइएको छ । ऐतिहासिक महत्वको मकवानपुरगढी दरबार सामान्य मर्मत सम्भारको अभावमा जीर्ण बन्दै गएपछि पुरातत्त्व विभागले केही समय अघि जीणीद्धार सुरु गरेको थियो । पुरातत्वले मकवानपुरगढी दरबार परिसरमा रहेको श्री कृष्णाको मन्दिरको पश्चिमतर्फ र पूर्वतर्फ रहेको दरबारको भग्नावशेष मर्मत गरेको थियो ।

मकवानपुरगढी गाउँपालिका-२ मा अवस्थित उक्त गढी किल्लाभित्र रहेका दरबार, मन्दिर र पर्खालहरु भत्किएर जीर्ण बनेका थिए । पुरातत्त्वले मकवानपुरगढीको भत्किएका भागहरुलाई मर्मत गरी पुरानै आकृतिमा संरचनाहरु निर्माण गरेको छ । मन्दिरको पश्चिमतर्फ रहेको दरबार भत्किएर ढुंगाको थुप्रो झैँ बनेको थियो । तर, पुरातत्व विभागले जीणीद्धार गरेसँगै सो दरबार पुरानै अवस्थामा देखिन थालेको छ । सो दरबारको काठका खाबो परिवर्तन गरिएको छ भने भत्किएका भित्ता मर्मत गरिएका छन् । आँखी झ्यालसहित भुइँ तलालाई चिटिक्क बनाइएको छ ।

पुरातत्व विभागले मन्दिरको पूर्वतर्फ रहेको मकवानपुर गढी दरबारको भग्नावशेष यथास्थितिमै जीर्णोद्धारसहित मर्मत तथा संरक्षण गर्ने योजना अनुरुप भत्किएका भित्ताहरुलाई मर्मत गरेको छ । दरबार प्रवेश र द्वार अगाडि रहेको काठको पुल चौडा पारिएको छ । दरबारको छाना र ढोका लगायतका संरचना भने हाल्न बाँकी छ । जीर्णोद्धारसहित छाना परिवर्तनको योजना रहे पनि रकम अपुग हुँदा योजना अनुसार काम हुन सकेन । चालु आर्थिक वर्षमा सो दरबारको संरक्षणका लागि छाना परिवर्तनलगायत अन्य काम गर्ने योजना छ ।

पुरानै शैलीमा मर्मत तथा संरक्षणको लागि गत आर्थिक वर्षमा पुरातत्व विभागले १ करोड १८ लाख ४३ हजार रुपैयाँ खर्च गरेको थियो । नेपालमा ठुला-साना गरी करिब २०० गढी छन । ती सबैका आ-आफ्नै महत्व छन । त्यस हिसाबले पनि मकवानपुर गढीको महत्व फरक छ । मकवानपुर गढीमा अवस्थित दरबारमा प्रयोग गरिएका शिलाहरुले थप सौन्दर्यता प्रदान गरेको छ । ऐतिहासिक, पुरातात्विक र सामरिक दृष्टिले पनि महत्वपूर्ण रहेको मकवानपुरगढी मकवानुपर जिल्लाको सदरमुकाम हेटौंडाबाट करिब १८ किलोमिटर उत्तर-पूर्वमा पर्दछ । आधुनिक नेपालको स्थापना हुनुपूर्व सेन वंशीय शासनको ऐतिहासिक बिरासतको जीवन्त इतिहास मकवानपुरगढीले बोकेको छ ।

इसं १२५८ तिरै राजा मुकुन्द सेनले गढी बनाउन लगाएका थिए । पछि मुकुन्द सेन द्वितीयका छोरा लोहाङ सेन मकवानपुरका राजा बने । मकवानपुरगढीलाई राजधानी बनाएर सेन वंशका सात पुस्ताले मकवानपुरमा शासन गरेका थिए । मकवानपुरका अन्तिम राजा दिग्बन्धन सेन हन । सेन राजाहरुले १९७ वर्षसम्म आफ्नो राजधानी बनाएको मकवानपुरगढी वि.सं १६२२ मा लुवाङ सेनले बनाएको मानिन्छ । उनलाई नेपाल एकीकरणका नायक पृथ्वीनारायण शाहले पराजित गरेका थिए । नेपाल एकीकरणमा मकवानपुरगढीको महत्वपूर्ण भूमिका देखिन्छ ।

नुवाकोट विजयपछि पृथ्वीनारायण शाहले मकवानपुरमा हमला गरेका थिए । पृथ्वीनारायणको फौजले २१ अगस्ट १७६२ मा गढीमा आक्रमण गरेको थियो । काठमाडौंका मल्ल राजाहरुलाई कमजोर पार्ने रणनीतिअनुसार उनको रोजाइमा मकवानपुर परेको थियो । १८१९ भदौ ९ मा पृथ्वीनारायण शाहको फौज विजयी भएपछि मकवानपुरका राजा दिगबन्धन सेन मन्त्री कनकसिंह बानियाँसहित भागेर बंगाल पुगेका थिए । सेन त्यहाँका नवाव मिरकासिमसँग सहयोग माग्न बंगाल पुगेका थिए । दिगबन्धन सेनले मिरकासिमको सहयोगमा मकवानपुरगढी नियन्त्रणमा लिने उद्देश्य अनुसार पुन: आक्रमण गरे । दिगबन्धु सेनले मिरकासिमको सहयोगमा दुई हजार लडाकु र एक हजार बन्दोबस्तीसहित ३ हजार फौज लिएर गोर्खाको नियन्त्रणमा रहेको मकवानपुरगढीमा १८१९ माघ १० मा आक्रमण गरेका थिए ।

मकवानपुरगढीमा उक्लिने क्रममा शिखरकटेरीमा राति १० घण्टासम्म भएको लडाइँमा नवावको फौज पराजित भयो । त्यो लडाइँमा सानो संख्यामा रहेको गोर्खाली फौजको नेतृत्व रामकृष्ण कुँवरले गरेका थिए । गोर्खाली फौजलाई स्थानीयले घरेलु हतियारसहित सघाएका थिए । उक्त लडाइँमा मिरकासिमका तर्फबाट लड्न आएका एक हजार ७०० सैनिक मारिएका थिए भने अन्य भागेका थिए । नवावको पराजित फौजबाट थुप्रै गोलीगट्ठा र ११ थान तोप गोर्खाली सेनाले नियन्त्रणमा लिएको थियो ।

गोर्खाली मकवानपुरगढी आक्रमणका क्रममा फौजले बंगाली फौजबाट लिएका गोली गट्ठा र तोप २०३६ सालसम्म गढीमै थिए । २०३६ सालमा गढीबाट उठाएर हेटौंडास्थित सेनाको सुपारेटार व्यारेकमा ल्याइएका थिए । मकवानपुरगढी भित्र वंश गोपाल मन्दिर छ । मन्दिर भित्र कृष्णलाई फलामे साङ्लोले बाँधेर राखिएको छ । मन्दिरको केही तल एउटा गुफा छ । त्यही गुफाबाट कृष्ण ओहोरदोहोर गर्थे भन्ने मान्यता छ । त्यस समयमा चितवनमा तोरी खेती हुन्थ्यो । उनी त्यहाँसम्म पुगेर आउँथे । कृष्ण राति बाहिर जाने र बिहानमात्रै फर्कने गर्दा अनिष्ट आइपर्ला भनेर उनलाई गाउँलेले बाँधेर राखेको किम्बदन्ती छ ।

# मेची-महाकाली साइकल यात्रामा हेटौंडाका ११ जना

साझाकुरा संवाददाता

हेटौंडा, ११ कार्तिक/ हेटौंडाका साइकलप्रेमी ११ जना मेची-महाकाली साइकल यात्रामा निस्किएका छन् । गत शुक्रबार झापाको सीमावती बजार मेचीनगर प्रस्थान गरेको हेटौंडाको साइकल यात्रीको समूहले मेची-महाकाली यात्रा चय गरिसकेको छ ।



यात्रा टोलीमा ११ जना हेटौंडाका र २ जना बुटवलका साइकलयात्रीहरु रहेका छन । हेटौंडाबाट शुक्रबार बिहान झापाको काकडभिट्टा हिँडेको साइकलयात्रा टोली यात्रामा निस्किसकेको भानुभक्त आचार्यले जानकारी दिए । पर्यटन प्रवर्द्धनको उद्देश्य लिएर साइकल यात्रीले शनिबार बिहान पूर्वी नेपालको काँकडभिट्टाबाट मेची-महाकाली यात्रा सुरु गरेका हुन् । मेचीनगर नगरपालिकाका निवर्तमान नगरप्रमुख विमल आचार्य र नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीले खादा र अबिर लगाएर साइकल यात्रीहरुलाई बिदाइ गरेका छन ।

मकवानपुरको हिमालयन राइडर्स सोसाइटीको आयोजनामा भएको साइकलयात्रामा निवृत्त निजामती कर्मचारी, शिक्षक, पत्रकार र व्यवसायीको सहभागिता रहेको छ । सोसाइटीका संस्थापक अध्यक्ष चेतनाथ आचार्यले नेपालमा साइकल संस्कृतिको प्रोत्साहनको खाँचो रहेको धारणा राख्दै पर्यटन, स्वास्थ्य र पर्यावरणका लागि संस्थागत रुपमा मेची-महाकाली साइकलयात्राको आयोजना गरिएको बताए । यात्राका क्रममा मुलुकका प्रमुख पर्यटकीय स्थलको अवलोकन र प्रचारप्रसार गरिने सोसाइटीका उपाध्यक्ष राजु थापा मगरले बताए ।

काँकडभिट्टाबाट झापाको पश्चिमी सिमाना दमकसम्म स्थानीय दुई जना साइकलयात्रीले साथ दिने उनको भनाइ छ । पूर्वी नाका काँकडभिट्टाबाट शनिबार बिहान ८ बजे सुरु भएको सो यात्रा शनिबार सुनसरीको इटहरी पुग्ने र दश दिनमा महाकाली पुगेर समापन हुने नेपाल पत्रकार महासै मकवानपुरका पूर्वअध्यक्ष भानुभक्त आचार्यले जानकारी दिए । साइकलयात्रामा सहभागी सदस्यमध्ये लक्ष्मीचरण श्रेष्ठ र भानुभक्त आचार्य दोस्रो पटक मेची-महाकाली साइकल यात्रा गर्दैछन । स्वास्थ्य, पर्यावरण, पर्यटन र साइकल संस्कृति विकासको निम्ति साइकल भन्ने सकारात्मक सन्देस प्रवाह गर्दै हिमालयन राईडर्स सोसाइटी हेटौंडाको समन्वयमा सोसाइटीका संस्थापक अध्यक्ष चेतनाथ आचार्यको नेतृत्वमा यात्रा हुन लागेको सोसाइटीका उपाध्यक्ष राजु थापा मगरले जानकारी दिए ।

आचार्य साइकलयात्रामा सहभागीमध्ये जेष्ठ सदस्य हुन । आगामी दिनमा निर्माण गरिने सार्वजनिक यातायातका पूर्वाधारमा साइकल लेन, साइकल पार्किङ, अपाङमैत्री लेन समाबेश गर्न पनि सोसाइटीले आग्रह गरेको छ । २०५४ माघ महिनामा सामान्य साइकलमा हेटौंडाका ११ जनाले मेचीमहाकाली यात्रा गरेका थिए । भिजिट नेपाल ९८ को अवसरमा हेटौंडाको सहीद स्मारकलगायतका पर्यटकीयस्थलको जानकारी दिनका लागि व्यक्तिगत खर्चमा उनीहरुले साइकलयात्रा गरेका थिए । ११ जनामध्ये २ जनाले पूर्वबाट हेटौंडासम्म साइकलयात्रा गरी बीचैमा यात्रा स्थगित गरेका थिए भने ९ जनाले १६ दिन लगाएर मेची-काली साइकलयात्रा पूरा गरेका थिए ।

२५ वर्षअघिको पूर्व पश्चिम राजमार्गको अवस्था र बर्तमान अवस्थामा निकै फरक आएको र अहिले गियर सहितको साइकल उपलब्ध भएका कारण १२ दिनभित्र यात्रा सम्पन्न गर्न सकिने उनीहरुले बताएका छन । व्यक्तिगत खर्चमा दोस्रोपटक मेची-काली साइकलयात्रामा जान लागेका आचार्य नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष हुन । टोलीमा लक्ष्मीचरण श्रेष्ठ, भानुभक्त आचार्य, चेतनाथ आचार्य, बुद्धिबहादुर आलेमगर, राजु थापामगर, लेखनाथ ढकाल, सरोज लामिछाने, ओकिलराज बानियाँ, दुर्गाप्रसाद लामिछाने, सुशील चौधरी (बुटवल), सुरज खत्री (बुटवल), विकास बानियाँ, सीता श्रेष्ठ रहेका छन् ।

# स्कुटर दुर्घटना हुँदा श्रीमतीको मृत्यु, श्रीमान घाइते




साझाकुरा संवाददाता

हेटौंडा, ११ कार्तिक/ काठमाडौंबाट हेटौंडा तर्फ आउँदै गरेको स्कुटर मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर ६ जुरि खेतमा बुधवार साँझ ५ बजेर ४० मिनेटमा दुर्घटना हुँदा स्कुटर चालक श्रीमान घाइते भएका छन भने स्कुटर पछाडि बस्ने उनको श्रीमतिको उपचारको क्रममा मृत्यु भएको छ ।

दुर्घटनामा स्कुटर पछाडि बस्ने काठमाडौं महानगर पालिका वडा नम्बर २७ महाबौद्ध निवासी ६२ वर्षकी राज्यश्री थापा क्षेत्रीको हेटौंडा अस्पतालमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । उपचारको क्रममा बुधवार ७ बजेर २० मिनेटको समयमा हेटौंडा अस्पतालका डाक्टरले मृत घोषणा गरेको उनले बताए ।

स्कुटर दुर्घटनामा चालक काठमाडौं महानगरपालिका वडा नम्बर २७ महाबौद्ध निवासी ६५ वर्षका शशिराज पाण्डे घाईते भएका छन् । उनको हेटौंडा अस्पतालमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

भीमफेदी-कुलेखानी-काठमाडौं सडक खण्ड अर्न्तगत काठमाडौंबाट हेटौंडा तर्फ आउँदै गरेको बागमती प्रदेश ०२-०२७ प ४८४२ नम्बरको स्कुटर अनियन्त्रित भई एकसय मिटर तल खसेर दुर्घटना भएको थियो ।

# चाडपर्वको बिदामा पर्यटक पर्खिरहेको कुलेखानी

साझाकुरा संवाददाता

हेटौंडा, ११ कार्तिक/ कुलेखानी मकवानपुरको प्रमुख पर्यटकीय गन्तव्य हो । जिल्लाको उत्तरी क्षेत्रमा रहेको मानव निर्मित कुलेखानी जलाशयमा आन्तरिक पर्यटकको घुईंचो नै लाग्ने गरेको छ ।

दसैं तिहारको बिदा सदुपयोग गर्न काठमाडौंबाट नजिकको गन्तव्यमा कुलेखानी करिब दुई घण्टाको गाडी यात्राबाट पुग्न सकिन्छ । कतै कच्ची सडक त कतै पक्की सडक हुँदै कुलेखानी पुग्न सकिन्छ । यहाँको जलविद्युत आयोजनाका लागि बनाइएको ड्यामले कुलेखानी इन्द्रसरोवरका बासिन्दाको जनजीवन फेरिएको छ । यो क्षेत्र प्राचीन कालदेखि नै उपत्यका र दक्षिण भारतको प्रमुख तीर्थस्थलहरु जाने प्रमुख पैदलमार्गका रुपले पनि चिनिन्छ । दक्षिणकाली-हेटौंडा सडकबाट वा थानकोट चित्लाङबाट वा त्रिभुवन राजपथको कुन्छाल-कुलेखानी सडकबाट यहाँ पुग्न सकिन्छ ।

काठमाडौंबाट छोटो दूरीमा रहेको कुलेखानी बल्खुबाट



करिब ४५ किमीको यात्रापश्चात पुग्न सकिन्छ । निजी तथा सार्वजनिक सवारी साधनमा फर्पिङ, फाखेलको सडक हुँदै करिब २ घण्टाको यात्रामा मार्खु, कुलेखानी पुगिन्छ । जंगलैभरि फुलेको लालीगुराँसले मनमोहक बनाउँछ । रातामय फुलेका लालीगुराँस अनि गाउँले परिवेशलाई नियाल्दै जाँदा बाटोको कष्ट भुल्दै काठमाडौं जिल्लालाई छोडेपछि मकवानपुर जिल्लाको सिमाना प्रारम्भ हुन्छ । यहाँको अर्को विशेषता भनेको माछा हो । कुलेखानीलाई लोकल माछा खान पनि उपयुक्त स्थान मानिन्छ । यहाँ आउने आगन्तुकका निमित्त होटेल तथा रिसोर्टहरु छन ।

हेटौंडा र काठमाडौंबाट बढी पर्यटकहरु आउने गरेको स्थानीय होटेल व्यवसायीहरु बताउँछन । इन्द्रसरोवरमा करिब ४० वटा डुंगाबाट पर्यटकलाई शयर गर्ने सुविधा उपलब्ध गराइएको छ । सडकको सहज सुविधा हुँदा अधिकांश पर्यटक गाडी रिजर्भ गरेरै पुग्ने गरेका छन ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

कार वास भित्र/बाहिर
वायरिङ मर्मत
A/C मर्मत तथा ग्याँस रिफिलिङ
सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बीउ बिजनमा आत्मनिर्भर बन्ने कहिले ?

नेपालमा खाद्यबालीको बीउको कूल माग करिब ४५ हजार मेक्ट्रिकटन रहेको छ । यो परिमाणको करिव २२ प्रतिशत बीउ मात्रै औपचारिक क्षेत्रबाट आपूर्ति भैरहेको छ । बाँकी बीउ चोरी तस्करीको बाटोमा भर पर्नुको बिकल्प छैन । उन्नत जातको बीउमा परनिर्भरता त छँदैछ । हामीले हाम्रो परम्परागत बीउ पनि जोगाउन सकेका छैनौं । हामीले न त रैथाने बीउ जोगाउन सक्यौं, न त उन्नत जातको बीउ नै आवश्यकमात्रामा उत्पादनमा जान सक्यौं । रैथाने बीउ जोगाउने चुनौतीसँगै हाइब्रिडमा जाने पनि चुनौती नै देखिन्छ । भारतीय बजारमा निर्भर पर्नुको बिकल्प छैन । भारतले बीउ दिएन भने हाम्रो खेतबारी बाँझै राख्नु पर्ने अवस्था आउने सम्भावना पनि छ । रैथाने बीउ जोगाउन सकेको भए त्यो अवस्था नआउने थियो । रैथाने बालीको बीउ रोप्दा उत्पादनको परिणाम कम हन्छ तर, हामीले परनिर्भरता भने भोग्नु पर्दैन थियो । नेपालमा २० देखि २५ प्रतिशत उत्पादनवृद्धि गुणस्तरयुक्त बीउको कारणले हुनेगरेको तथ्यांक छ । बीउबिजन प्रयोगशाला हेटौंडाले दुईसय दशमलव ६८ मेक्ट्रिक्टन बीउ प्रमाणिकरण गरेको छ । गत आर्थिक वर्षमा बागमती प्रदेशका बिभिन्न जिल्लाबाट आएका खाद्यान्न, तेलहन र दलहनको बीउ प्रमाणिकरण गरिएको हो । चितवन, धादिङ, काभ्रे, मकवानपुर, दोलखा, सिन्धुपाल्चोक, नुवाकोट, काठमाडौं, ललितपुर, भक्तपुरमा उत्पादन भएको धान, गहुँ, मकै, तोरी, मुसुरो, कोदो, भटमास लगायतको बालीको वीउबिजन प्रयोगशालाले बीउ सिफारिस र प्रमाणिकरण गर्दै आएको छ ।

बीउबिजन प्रयोगशाला हेटौंडाका अनुसार उमारशक्ति, चिस्यान र बीउको शुद्धताको आधारमा प्रमाणिकरण गरिन्छ । बालीअनुसार फरक-फरक मापदण्ड हुन्छ, बीउको खडावाली, रोग कीरा लागे नलागेको, सम्बन्धित स्थानमा गएर मूल बीउ र प्रमाणिक बीउको नमूना ल्याएर प्रयोगशालामा शुद्धता, उमारशक्ति हेरेपछि मापदण्ड पूरा भएका बीउलाई प्रमाणिकरण गर्ने गरेको बताइएको छ । चितवन, मकवानपुर, धादिङ र काभ्रेमा धान, मकै, गहुँ, तरकारी र जै घाँसको बीउविजनमा आत्मनिर्भर कार्यक्रम सञ्चालन गरिएको छ । बीउ बजार प्रवर्द्धन तथा सहयोग कार्यक्रम, बीउ स्रोतकेन्द्र स्थापना, गुणस्तर नियन्त्रण तथा नियमन गर्ने लगायत कार्य हेटौंडा कार्यालयले गर्दै आएको छ । प्रदेशमा सबैभन्दा धेरै बीउविजन उत्पादन गर्ने जिल्ला चितवन हो भने सबैभन्दा न्यून बीउ उत्पादन गर्ने रसुवा हो । बागमती प्रदेशमा मुल/श्रोतबीउ उत्पादनका लागि १६ वटा संस्थाले इजाजत लिई बीउ उत्पादन तथा व्यवस्थापनसम्बन्धी कार्य गर्दै आएका छन् । सरकारी, नीजि कम्पनी, सहकारी संस्था, कृषि समूह, गैरसरकारी संस्था र विश्वविद्यालयले स्रोत बीउ उत्पादनका लागि इजाजतपत्र लिई उत्पादन गरिरहेको बीउबिजन प्रयोगशाला हेटौंडाले जनाएको छ । प्रदेशको ललितपुरमा ३, काठमाडौंमा ४, चितवनमा ६ र सिन्धुपाल्चोक, मकवानपुर, नुवाकोटमा एक/एक वटा मूल/श्रोत बीउ उत्पादक रहेका छन् ।

उत्पादित स्रोतबीउको प्रशोधन प्रयोजनका प्रदेशमा २० वटा निजीस्तरका कम्पनी, अनुसन्धान केन्द्र, सरकारी कम्पनी, कृषि समूह, सहकारी, गैरसरकारी तथा विश्वविद्यालयले बीउ प्रशोधनगरी लट नम्बर राखेर बीउको बिक्री वितरण गर्ने गरेको बीउबिजन प्रयोगशाला हेटौंडाको तथ्यांक छ । चितवनमा १२, ललितपुरमा ३, मकवानपुरमा २ र काठमाडौं, नुवाकोट र दोलखामा बीउ प्रशोधन कम्पनी रहेका छन् । बीउबिजन ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार निजीस्तरमा बीउ परीक्षण गर्ने कार्य सञ्चालनका लागि प्रदेशमा ३ वटा कम्पनीले राष्ट्रिय बीउविजन समितिबाट प्रयोगशालासम्बन्धी इजाजत लिई कारोवार गरिरहेका छन् । ललितपुरको वातावरण तथा कृषि नीति अनुसन्धान प्रसार एवं विकास केन्द्र (सिप्रेड), काठमाडौंको सियान सीड सर्भिस सेन्टर र चितवनको भरतपुरमा रहेको कृषि तथा वनविज्ञान विश्वविद्यालयले बीउविजन प्रयोगशाला सञ्चालन गरिरहेका छन् । बागमती प्रदेशमा व्यावसायिकरुपमा मुख्य खाद्यान्न, दलहन, तरकारीबालीको गुणस्तरीय बीउ उत्पादन तथा प्रमाणिकरण हुने गरेको छ । हेटौंडामा रहेको प्रयोगशालासँगको समन्वयमा नियमितरुपमा बीउ उत्पादन तथा प्रमाणिकरण गर्ने गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० कार्तिक १३ गते सोमबार ३० अक्टोबर २०२३ । द्वितीया, कार्तिक कृष्णपक्ष । कौलागा ११४३ ने.सं. । सूर्योदय ६:१३, सूर्यास्त ५:२० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शत्रु वृद्धि | **तुला** | : साझेदारी कार्यमा सफलता |
| **वृष** | : भाग्यबाट सन्तोष | **वृश्चिक** | : वैदेशिक कार्यमा अवरोध |
| **मिथुन** | : ऋणभार बढनाले खिन्नता | **धनु** | : सम्पत्तिबाट लाभ |
| **कर्कट** | : अनावश्यक झंझट | **मकर** | : मांगलिक कार्यमा मन |
| **सिंह** | : गृह कलहमा वृद्धि | **कुम्भ** | : मानसम्मानमा वृद्धि |
| **कन्या** | : आफन्तमा मनोमालिन्य | **मीन** | : आर्थिक हानी |

# नागरिक समाजको भूमिका



✍ सञ्जीव कार्की

नागरिक समाज राज्यको प्रकृतिभन्दा फरक तर सामाजिक राज्यको रूपमा रहन्छ भन्ने युनिभर्सल डिक्सनेरीमा उल्लेख छ । नागरिक समाजको आफ्नो छुट्टै दर्शन र आयाम छ । सरकार कतिपय मामलामा कठोर र हिंस्रक हुन्छ, सत्ता वैधानिक हत्याको लाइसेन्स भएको संस्था हो । यी सबका बाबजुद नागरिक समाज जुनसुकै किसिमको हिंसाको विरोधी र राज्य र सरकारको तर्फबाट बल प्रयोग गरिँदा बल प्रयोगको सिद्धान्तभन्दा बाहिर सरकार जाँदा खबरदारी गर्ने र अनावश्यक बलद्वारा गरिने हिंसा दमन र नियन्त्रणलाई नियोजन गर्ने सामाजिक स्वीकृतिप्राप्त जमात नागरिक समाज हो । सरकारलाई जिम्मेवार, जवाफदेही र देश र नागरिकप्रति उत्तरदायी बनाउने अभिभारा नागरिक समाजसँग रहेको मानिन्छ ।

समाजमा पिँधमा रहेको आवाज बोल्ने माध्यम हो । गरिब निमुखा असहाय र राज्यद्वारा दमनमा परेकाको संरक्षक हो । द्वन्द्व, युद्ध र हिंसा भड्कन लाग्दा मध्यस्थता गर्ने भरपर्दो आधार हो । इटालीका प्रसिद्ध चिन्तक ग्राम्सी राज्यको सुरक्षा कवचका रूपमा नागरिक समाजलाई लिन्थे । राज्यको बलियो ढालको रूपमा चित्रण गर्थे । प्रभुत्वशाली वर्गको विचारधारा प्रवर्द्धन गर्ने टुल्स भन्थे । उनी अर्गानिक बुद्धिजीवीको पक्षमा थिए । लोकतन्त्रको सुदृढीकरण, मानव अधिकारको रक्षा, कानुनी शासनको स्थापना स्वतन्त्र प्रेस र जनअधिकारका तमाम विषयलाई परख गर्ने, सामाजिक नैतिक मूल्य कानुनको मूल्य सुशासनका विषय, सुशासन लोकतन्त्रलाई बलियो बनाउने दायित्व नागरिक समाजको रहन्छ ।

प्रत्यक्ष रूपमा शासनमा सहभागी नहुने नागरिक समाज सत्ताको स्थायी प्रतिपक्षी हुनुपर्छ भन्ने आम मान्यता छ । राजनीतिक दलहरू बरालिँदा त्यसलाई ठिक ठाउँमा ल्याउने काम नागरिक समाजको हो । समाजको प्रबुद्ध वर्ग सधैँ नीति, थिति, विधि र नैतिकताको पृष्ठपोषण गर्ने वर्ग हो भनेर चिनिन्छ । राष्ट्रको असहज परिस्थितिमा विवेक प्रयोग गर्ने र थिंक ट्यांक बनेर राष्ट्रको असमञ्जस तोड्ने र सही निकासको मार्ग दिने काम नागरिक समाजमार्फत हुन्छ ।

राजनीति शास्त्रको भाष्य छ, सत्ता र प्रतिपक्षले मात्र राज्य अपुरो र अधुरो हुन्छ । राज्य प्रणालीको एक अविभाज्य अङ्ग नागरिक समाज पनि हो । हरेक समाजमा खबरदारी गर्ने, निगरानी गर्ने र दबाब दिने समूह हुन्छ । संस्थापनलाई खबरदारी गरेर जनपक्षीय निर्णय गराउन सरकारलाई बाध्य पार्ने एउटा सामाजिक स्वीकृति प्राप्त व्यक्तिहरूको समूह हो नागरिक समाज । यो कुनै वैधानिक निकाय नभए पनि प्रेसर ग्रुप नामले चिनिन्छ ।

नागरिक समूहले बोल्दा फरक पार्ने र राज्यलाई सोच्न बाध्य बनाउने सामाजिक वैधता र नैतिक भार वहन क्षमता यसमा हुन्छ । सत्ता पक्ष र प्रतिपक्षले मात्र न्याय प्रणाली चल्दैन । शक्ति सन्तुलनको अर्को पाटोमा नागरिक समाजको गहन भारलाई पनि अर्थ्याउनुपर्छ । पार्टीतन्त्र, नेतातन्त्र र वृद्धतन्त्रले चलेको समाजमा पार्टीहरू आपसमा मिलेर आफ्नो हितानुकूल मात्रै पनि काम गर्न सक्छन् । सत्तापक्ष र प्रतिपक्ष मिल्दा यदाकदा राष्ट्रघात हुने र नीतिगत भ्रष्टाचार बढ्ने, भएका भ्रष्टाचारमा पनि सबै मुछिएको कारण छानबिन नहुने र छानबिन भए पनि चोख्याउने र सफाइ दिने खालको जस्तो मात्र हुने आदि कारण पनि सत्ता पक्षलाई खबरदारी गर्न प्रतिपक्ष, प्रतिपक्षलाई पनि खबरदारी गर्न नागरिक समाजको सक्रियता र सामाजिक नेतृत्व आवश्यक देखिन्छ ।

दलहरूले आफ्ना गलत हर्कत, आसय र अभीष्टलाई वैधानिकताको खोल ओढाएर सही प्रमाणित र पुष्टि गर्ने जमर्को गर्न सक्छन् । त्यस्तो बेला प्रतिपक्षको रूपमा नागरिक समाजको चर्को आवाज र विमति चाहिन्छ । जस्तो २०५१ मा गरिएको महाकाली सन्धि सत्तापक्ष र प्रतिपक्षको एकै नाभी जोडिएको एक उदाहरण हो । गत वर्ष पारित एमसिसी परियोजना पनि पार्टीहरूको परोक्ष प्रत्यक्ष सम्बन्ध भएर पास भएको परियोजना हो ।

एमसीसी परियोजना एमाले वा माओवादीले चाहेको भए फेल गराउन सक्थ्यो तर एकार्कामा दोषारोपण गर्दै व्याख्यात्मक घोषणाको वैधानिक टालोले टालेर दलहरूले अन्ततः पास गरेरै छाडे । एमसीसी परियोजनाबारे प्राज्ञिक र बौद्धिकले जनसाधरणमा उचित तबरले बुझाउन सकेनन् । जसका कारण जनता आजपर्यन्त रनभुल्लमा छन् वास्तवमा एमसीसी परियोजना देश हितको पक्षमा छ कि विपक्षमा ? राजनीतिक दल र आफ्नो स्वार्थको पक्षमा पैरवी गर्ने बौद्धिकहरू पनि एमसीसीमा विभक्त बने र जनतालाई दिग्भ्रमित पारिरहे ।

नागरिक समाज भनेको कुनै राजकीय पदको अपेक्षा नराख्ने र विभिन्न सरकारी नियुक्तिमा आँखा नलगाउने स्वच्छ मन राखेर काम गर्ने आफ्नो क्षेत्रमा दख्खल रहेका र विज्ञता भएका प्रबुद्ध नागरिक समाजको जमात हो । दुर्भाग्य नेपालमा यस्ता नागरिक समाज कम सत्ता र आफ्नो स्वार्थको चंगुलमा फस्ने नागरिक समाज धेरै रहेको देखिन्छ । सत्ताले फ्याँकिदिने जुठोपुरो, हड्डी र हरियो घाँसमा लोभिनु र सत्ताले चाहे र खोजे जस्तो भाष्य निर्माण गरिदिनु आजका बुद्धिजीवीको विशेषता भएको छ ।

उनीहरूको अनेक आयाम हुन्छन् । जस्तो प्राध्यापकहरू, कलाकार, साहित्यकार, समाजसेवी, डाक्टर, इन्जिनियर, वकिल पत्रकार लेखक जसले समाजको आफ्नो क्षेत्रमा नाम राखेका लब्ध प्रतिष्ठित व्यक्तिहरूको समूह हो । जसको बोलीमा दम, निर्णयमा अडान र विवेकमा राष्ट्रहित प्रतिध्वनित हुन्छ । यी समूहका व्यक्तिहरू बोलेपछि त्यसको अर्थ निर्माण हुन्छ ।

कुनै पनि विषय उठान र बैठानमा उनीहरूको विचार, भावना र उद्देश्यलाई प्राथमिकीकरण गरिन्छ । यी समूहको जनस्तरमा पनि उत्तिकै श्रद्धा विश्वास र भरोसा रहन्छ । सत्ता र प्रतिपक्ष दुवैलाई ठीक बाटो देखाउने उज्यालोको रूपमा नागरिक समाज चिनिन्छ । देशको बृहतर हित नै जीवनको मूल मन्त्र र अभीष्ट राख्ने नागरिक समाज राजनीतिक दलको सिद्धान्त र नीतिले प्रभावित बन्दैनन् र बन्न हुँदैन भन्ने मान्यता छ । दलीय दाम्लो र अनुशासनको परिधि बाहिर रहेर नितान्त देशको हित र सुरक्षा गर्ने देशलाई उपयुक्त बौद्धिक ऊर्जा र तागत दिने व्यक्तिहरू नागरिक समाजका नामले पुकारिने व्यक्तिहरू हुन् ।

**सरकारलाई जवाफदेही कसले बनाउने ?**

राजनीतिक दलहरूका आ-आफ्ना स्वार्थ र एजेन्डा हुन्छन् । चुनावकेन्द्रित र दलीय स्वार्थकेन्द्रित नाराहरू हुन्छन् । प्रतिस्पर्धाको राजनीति गर्नुपर्ने भएकाले भोटरको भावना अनुसार पनि बोल्नुपर्ने र काम गर्नुपर्ने बाध्यात्मक परिस्थिति बन्छन् । यस्तो बेला दलहरूले नकाम गर्ने र सानो स्वार्थका लागि काम गर्ने गर्न सक्छन्, त्यसैले यस परिस्थितिमा सरकार र राजनीतिक दललाई काबुमा राख्न नैतिक तागतसहित नागरिक समाज उपस्थित भएर सरकार र पार्टीहरूलाई जवाफदेही बनाउन सक्नुपर्छ । धार्मिक, सांस्कृतिक, भाषिक, सामाजिक, भौगोलिक बहुलताको प्रतिनिधित्व गराउने तर जातीय धार्मिक र साम्प्रदायिक भावना र एकाधिकारवाद सरकारको अति रोक्ने काममा भने यो समूहको खाँचो पर्छ । दलहरू नैतिक रूपले कमजोर भएका बेला दललाई निरन्तर निगरानी, सरकार लाई खबरदारी र नेताहरूलाई चेतावनी दिने काम नागरिक समाजको हो ।

**गैरराजनीतिक तर सामाजिक भावना**

दलहरूलाई दबाब दिन खबरदारी गर्न नागरिक समाज । जागरुक नागरिकहरूको समूह हो नागरिक समाज जो संगठित वा असंगठित हुन्छ । राष्ट्रको बलियो किल्ला हो जसले नागरिकले पाउनुपर्ने हक-अधिकार र निभाउनुपर्ने कर्तव्यबारे पनि सबैलाई सतर्क, सजग र चेतनशील बनाउँछ । गैरराजनीतिक, गैर नाफामूलक र गैरसरकारी भएर राष्ट्रको पक्षमा जनहितको वकालत गर्नु यिनीहरूको धर्म हो । राजनीतिक दलको मखुण्डो ओढेको नागरिक समाज होइन देशको माया गर्ने विधि र पद्धतिलाई जीवनशैली बनाउने, दलीय रूपमा विभाजित हुने होइन दल भन्दामाथि देश बोक्ने नागरिक समाज र प्रबुद्ध वर्ग आजको देशको आवश्यकता हो ।

नागरिक समाजको महत्व र गरिमा यथेष्ट छ । सच्चा नागरिक समाज बन्दा देशले जनताले प्रशस्त लाभ लिन सक्छन् । पारदर्शिता र उत्तरदायित्व खोज्ने गहन भूमिका नागरिक समाजको पहिलो सर्त हुनुपर्छ । राजनीतिशास्त्रमा एउटा भनाइ छ : 'एउटा मौन र आज्ञापालक नागरिक समाजले तानाशाही जन्माउन मद्दत गर्छ भने ज्वलन्त सक्रिय नागरिक समाजले लोकतान्त्रिक र संवेदनशील राज्य सुरक्षित गर्छ ।' नेपाल लोकतान्त्रिक र संवेदनशील राज्य सुरक्षित गर्ने नागरिक समाजको खोजीमा छ । नागरिक आवाजमा गहनतम सामाजिक मूल्य, नैतिक प्रस्थापना, अधिकार अनि कर्तव्यको संयोजन रहेको मानिन्छ ।

*(साभार: रातोपाटी)*

# धार्मिक स्वतन्त्रता र धर्मनिरपेक्षता

✍ प्रमोद मिश्र,
✍ तुलानारायण साह

नेपाल धार्मिक र धर्मनिरपेक्ष दुई किसिमको अतिवादमा फस्दै गएको देखिन्छ । र, यी दुवै अतिवादले मधेशका बहुसंख्यक हिन्दुलाई हिन्दुराष्ट्रवाद – जो धार्मिक अतिवादकै एउटा रूप हो – को दलदलमा फसाउने प्रयास गरिराखेको भान हुन्छ, ताकि केही खास वर्ग र प्रवृत्तिका मानिसको स्वार्थसिद्धि होस् ।

**धार्मिक स्वतन्त्रता र धर्मनिरपेक्षता**

धरानमा गाईगोरु काट्ने घटना र त्यसलाई अमुक समुदायको अधिकारको भाष्यका रूपमा खडा गर्ने प्रयास एवं जनकपुर, वीरगन्ज, मलंगवा अनि नेपालगन्जमा चाडपर्वका नाममा वा व्यक्तिगत रिसइबीलाई साम्प्रदायिक रंग दिने र अफवाह फैलाएर एक समुदायलाई अर्कोसँग जुधाउने प्रयत्न मधेशलाई हिन्दु घृणाको रंगले पोतेर हिन्दु अतिवादसँगै भारतमा जस्तै नेपालमा हिन्दु राष्ट्रवादलाई आगाडि बढाउने धृष्टता हो । यी दुवै अतिवादबाट नेपाललाई कसरी जोगाउने, अहिलेको मुख्य प्रश्न यही हो ।

पृथ्वीनारायण शाहको 'असिल् हिन्दुस्ताना' लाई जतिसुकै गाली गरे पनि, जंगबहादुरको हिन्दु जात-आधारित विभेदकारी सामाजिक व्यवस्थालाई जतिसुकै सरापे पनि र त्यसपछिको शाहवंशीय शासन व्यवस्थाको जतिसुकै खेदो खने पनि ती सबै अहिले संवैधानिक रूपमा विगत भइसकेका छन् । तर हिन्दुहरूको गाईगोरुप्रतिको श्रद्धा वा बन्देज नेपालको बहुसंख्यक हिन्दु समाजमा व्यापक रूपमा फैलिएर अन्तस्करणमा पसिसकेको छ । त्यसैले गाईगोरु काट्न-मार्न पाउनु नेपालजस्तो समाजमा धर्मनिरपेक्ष राज्यभित्रको अधिकार हुन सक्दैन किनभने धर्मनिरपेक्ष भनेको एक धर्म-समुदाय वा व्यक्तिले अर्को धर्म-समुदायको मौलिक आस्थामाथि प्रहार गर्नु होइन, सम्मान गर्नु होह खास गरी त्यस्तो राज्य वा समुदायमा जहाँ सदियौंदेखि त्यो आस्था मौलिक रूपमा बसिसकेको छ । यसले धर्म मान्ने समुदायको मौलिक श्रद्धा र आस्थामाथि प्रहार गर्दछह त्यसले गर्दा हिंसा भड्किन्छ र सामुदायिक घृणा फैलिन्छ । त्यस्तै, अरू धर्मप्रति घृणा फैलाउनेहरूलाई र अरू धर्मावलम्बीलाई अधर्मी-कुधर्मी वा नर्क जाने ठान्नु अनि धर्म भनेको एउटै हो, आध्यात्मिक बाटो एउटै हो, अरू धर्मै होइनन् भन्नु र त्यस्ता हानिकारक विचार फैलाएर पैसा वा अरू नै कुनै प्रलोभनका बलमा अरूको धर्म परिवर्तन गर्न खोज्नु पनि नेपालजस्तो विविधताले भरिएको मुलुकमा धर्मनिरपेक्षता हुन सक्दैन । व्यक्तिगत आस्थाका भरमा कसैले कुनै धर्म मान्छ भने त्यो अर्कै कुरा हो ।

राज्यबाट धर्मलाई अलग गर्ने क्रममा हामीले न धार्मिक हुन जानिरहेका छौं न त धर्मनिरपेक्ष । र, यो धर्मसम्बन्धी अँध्यारो गल्लीको यात्रामा हाम्रा छरछिमेकी अब हिन्दीमा 'मान न मान मैं तेरा मेहमान' भने जस्तै जबरजस्ती सघाउन उद्यत छन् ।

धरानमा गाईगोरु काटेको प्रकरण र त्यसप्रति पक्ष-विपक्षबाट सामाजिक सञ्जालमा भएको प्रतिक्रिया अनि मलंगवा, वीरगन्ज र रामनवमीका अवसरमा जनकपुरमा भएका धार्मिक असहिष्णुताका घटनाहरूले यसबारे हाम्रो अन्योललाई उजागर गरेका छन् ।

धार्मिक हुनु भनेको के हो ? धार्मिक हुनु भनेको एक त आफ्नो आस्थाअनुसार आफ्ना आराध्य देवप्रतिको भक्तिभाव व्यक्तिगत रूपमा घरैमा वा मन्दिर, मस्जिद, गिर्जाघर आदिमा गएर व्यक्त गर्नु होह सो आस्थाअनुसार आफ्नो परिवार र धार्मिक समुदायलाई व्यवस्थित पार्नु हो । तर धार्मिक हुने यस प्रकियामा अनेक सामाजिक, राजनीतिक र धार्मिक दर्शन एवं समाजलाई व्यवस्थित पार्ने नियमकानुनका कारण सदियौंसम्म युरोपमा द्वन्द्वहरू भइरहे । राष्ट्र-राज्य एकअर्कासँग जुधे र राज्यलाई धर्मबाट बाहिर वा भित्रै भिन्न आस्था मान्नेविरुद्ध प्रयोग गरेर हत्याहिंसा गरेर दुःख दिए । क्याथोलिक फ्रान्स, स्पेन, रोम एकातिर एवं प्रोटेस्टेन्ट बेलायत र जर्मनी अर्कातिर एकअर्कासँग लडिरहे । धर्मभित्रैको एक वा अर्को शाखा मान्ने नाममा युद्धमा देशभित्र लाखौं मनिस काटिए, जलाइए र देशबाहिर अर्को देशको युद्धमैदानमा सैनिकहरू मारिए । सन् १६४८ को वेस्टफालिया को सन्धि – जहाँ राजनीतिक र धार्मिक सार्वभौमिकता भिन्नै हो भन्ने स्वीकार गरियो – पछि पनि यो क्रम रोकिएन । तसर्थ धर्मसम्बन्धी हिंसात्मक कलह विश्वका लागि नौलो हैन । अहिले पनि धर्मलाई राज्य धर्म मान्ने राज्यहरू – पाकिस्तानदेखि मध्यपूर्वका कैयौं राज्य – ले आफ्ना अल्पसंख्यकलाई न्याय गर्न नसकेको मात्र होइन कि त्यहाँ लोकतन्त्र स्थापित हुन सकेको छैन र त्यहाँ निरंकुश शासनले मात्र शान्ति कायम गर्न सकेको छ । श्रीलंका र म्यान्मार राज्यलाई शान्तिप्रिय बुद्ध धर्मतिर ढल्काएकाले नै हिंसाको सिकार भए । राष्ट्रधर्म मान्ने राज्यमा लोकतन्त्र फस्टाउन गाह्रो हुन्छ । कथंकदाचित् लोकतन्त्र आयो भने पनि शान्ति हुँदैन । आज भारत यसको उदाहरण बन्दै गएको छ ।

शताब्दियौंसम्म देशभित्र र बाहिर धर्मका नाममा मारकाटपछि युरोप र उत्तरी अमेरिकामा सत्रौं शताब्दीदेखि धार्मिक सहिष्णुताको सिद्धान्त अनुसरण गर्न सुरु गरियो । अठारौं शताब्दीमा इन्लाइटेन्मेन्ट (प्रबुद्धता) आन्दोलनबाट प्रेरित भएर चर्च र राज्यलाई पृथक् तुल्याइयो, पश्चिमी युरोप र बेलायती प्युरिटनहरूको उत्तरी अमेरिकी समुदायमा । आफू पनि प्युरिटन हुँदाहुँदै रोजर विलियम्स प्युरिटनहरूको उपनिवेश मासाचुसेट बे कोलोनीबाट प्युरिटन इसाई समुदायबाटै खेदिए । उनले भिन्नै राज्य रोड आइल्यान्ड खडा गरी आफ्ना रचनाका माध्यमले प्युरिटन क्रिस्चियन अतिवाद र एकल कट्टरताको तर्कपूर्ण प्रतिवाद गरे, धर्मभित्र र बाहिर सहिष्णुताको सिद्धान्त प्रतिपादन गरे । पछि यिनै सांसारिक र व्यावहारिक दर्शन र सिद्धान्तका साथै युरोपियन इन्लाइटेन्मेन्टको विचारधाराबाट प्रभावित भएर बेलायती उपनिवेशविरुद्ध संघर्ष गर्दै संयुक्त राज्य अमेरिकाका संस्थापक पिताहरू (जेफर्सन, वासिङ्टन, फ्रेंकलिन, आडम्स, मेडिसन, हेमिल्टन आदि) ले राज्य र चर्चबीच पर्खाल खडा गर्ने सेपरेसन अफ चर्च एन्ड स्टेटको सिद्धान्त अँगालेह संयुक्त राज्य अमेरिकामा संविधानका साथै बिल अफ राइट्स ल्याए । फलस्वरूप अहिले अमेरिकामा अरूलाई हानि नपुऱ्याई आ-आफ्ना धर्म मान्ने पूर्ण स्वतन्त्रता छ । तर यो उपलब्धि अमेरिका र युरोपका विभिन्न राज्यलाई शताब्दियौंको संघर्षपछि मात्र प्राप्त भयो, ज्ञानचक्षुका रूपमा । यसरी हेर्दा सत्रौं शताब्दीको अन्ततिर लोकतन्त्र र धार्मिक सहिष्णुता वा धर्मनिरपेक्षताको सिद्धान्त सँगसँगै प्रतिपादित भए, जसका प्रणेता थिए– जान लाक ।

यति हुँदाहुँदै पनि युरोपमा धर्मनिरपेक्षता समान किसिमले अँगालिएको छैन ।

पश्चिमी युरोपेली मुलुकहरू विभिन्न प्रकारका छन्, यस मामिलामा । नागरिक स्वतन्त्रता, लोकतन्त्र र विभिन्न लेभलका पुँजीवादी व्यवस्था र औपनिवेशिक इतिहासबाट लाभ लिएर सम्पन्न भएका युरोपेली मुलुकहरूले धार्मिक असहिष्णुताको पराकाष्ठा भोग्दै आएका हुन् । वर्तमान समयमा तिनमा राज्य र धर्मबीचको सम्बन्ध विभिन्न किसिमको छ । बेलायत र नेदरल्यान्ड वा यी दुवैलाई फ्रान्ससँग तुलना गर्न मिल्दैन, यस मामिलामा । बेलायत र नेदरल्यान्डमा संवैधानिक राजतन्त्र भए पनि नेदरल्यान्डमा धार्मिक सहिष्णुताको इतिहास छ भने बेलायतले चर्च अफ इंग्ल्यान्ड (एङ लिकन चर्च) लाई राज्य धर्म बनायो र यसका लागि निकै हत्याहिंसा गऱ्यो । फ्रान्स धर्मनिरपेक्ष गणतन्त्र हो तर त्यहाँ धर्मनिरपेक्षता अमेरिकामा भन्दा भिन्न रूपमा लागू छ । आफ्नै किसिमको इतिहास भएको फ्रान्सलाई कट्टर धर्मनिरपेक्ष राज्य भन्न सकिन्छ । किनभने त्यहाँ धर्मनिरपेक्षता वा राज्यबाट धर्मको पृथकता फ्रान्सेली क्रान्तिबाट सुरु भयो, क्रिस्चियन धर्मको ज्यादती र इन्लाइटेन्मेन्ट सेक्युलरिजम (धर्मनिरपेक्ष) दर्शनले गर्दा । त्यहाँ सरकारको लगानी भएको संस्थामा देखिने गरी धार्मिक पहिरन निषेध गरिएको छ । तर अमेरिकाको धर्मनिरपेक्षतामा आ-आफ्ना धर्म मान्ने स्वतन्त्रता र अधिकारको जगबाट राज्यको परिकल्पना गरियो । पदाधिकारीहरू आ-आफ्ना धर्मग्रन्थलाई छोएर शपथ लिन्छन् र कार्यकारी राष्ट्रपति पनि गिर्जाघर गएर आशीर्वाद लिन्छन् । भोलि कोही हिन्दु राष्ट्रपति भयो भने उसले पनि मन्दिर गएर आशीर्वाद लिन सक्छ ।

प्रश्न उठ्छ, नेपालको धार्मिकता वा धर्मनिरपेक्षता कस्तो हुनुपर्छ ? अनि, धार्मिक हुनु र धर्मनिरपेक्ष हुनुका केके फाइदा-बेफाइदा वा बाधा-सुविधा छन् ? नेपालको संविधानले धर्मनिरपेक्षता अँगालेको छ जो दसवर्षे माओवादी जनयुद्धपछिको संविधानसभाबाट नयाँ राज्यको परिकल्पनासँगै जन्मेको हो जसको उपज अहिलेको संविधान हो ।

तर संविधान बनेको सात-आठ वर्ष भइसक्दा पनि हामी नयाँ परिप्रेक्ष्यमा धार्मिक र धर्मनिरपेक्ष हुन सिक्ने क्रममा छौं, सिकिसकेका छैनौं । हामीमा सिभिक सेन्स (नागरिक बोध) र पब्लिक गुड (सार्वजनिक हित) पलाउने क्रममै छ, पलाइसकेको छैन । अलिक पैसा भयो कि हामी सार्वजनिक हितका लागि पाटीपौवा, सार्वजनिक छलफल भवन, पुस्तकालय हैन, मठमन्दिर वा मस्जिद बनाउन थाल्छौं । त्यो पनि नराम्रो कुरा होइन, प्राथमिकता केलाई दिने भन्ने मात्रै हो ।

नेपालका गाउँगाउँलाई अहिले मठमन्दिर, मस्जिद, गिर्जाघर चाहिएको छ कि पुस्तकालय र सार्वजनिक सूचना केन्द्र ? तर यो र यस्ता प्रश्नलाई बिर्सेर नेपाल अहिले मन्दिर, मस्जिद, गिर्जाघरबीचको लडाइँ गर्न लागेको छ, आन्तरिक र बाह्य उक्साहटमा । त्यस्ता उक्साहटहरू कुनकुन हुन्, तिनको पहिचान गर्न र त्यसतर्फ सार्वजनिक रूपमै औंल्याउन जरुरी छ ।

सर्वप्रथम त भुइँतहमै यस सन्दर्भमा मानिस दुई किसिमका हुन्छन् । एक, अज्ञानी जो आफ्नो परिचित र पहिचान मिल्ने अवस्थाबाहेक अरूलाई पराई/बिरानो ठान्छन् मात्रै हैन, आफ्नो सामूहिक वा व्यक्तिगत कामका आधारमा पूर्वाग्रह पाल्छन् र मौका परे त्यस पूर्वाग्रहअनुसार बिरानो ठान्नेलाई व्यक्तिगत वा सामूहिक रूपमा क्षति पुऱ्याउन खोज्छन् । तर भुइँतहमा यस्ता अरू पनि हुन्छन् जसको आफ्नो पहिचानभन्दा भिन्न व्यक्ति वा समुदायसँग दुःखसुख बाँड्ने वर्षौंको अनुभव हुन्छ, बिरानो (फरक) सामुदायिक पहिचान हुँदाहुँदै पनि पूर्वाग्रह वा नकारात्मकता पालेका हुँदैनन् र अर्को समुदायलाई केही आइपर्दा मद्दत/सहयोग गर्न तत्पर हुन्छन् । दोस्रो, ती मानिस हुन्छन् जसको राज्यसँग हिमचिम हुन्छ, प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा । तिनीहरूको एक त आफ्नोभन्दा फरक पहिचान बोकेको समुदायसँग उठबस हुँदैन, अर्को राज्यसँगको सामीप्यले गर्दा अरु समुदायसँग राजनीतिक लाभ-हानि हेरेर व्यवहार गर्छन् । यस्ता व्यक्ति बाहिरका पनि हुन्छन् जो भित्र पसेर भिन्न समुदायप्रति घृणा र पूर्वाग्रह फैलाएर राजनीतिक लाभ उठाउन चाहन्छन् । यस्ता व्यक्ति वा समूहभित्रका पनि हुन्छन् जो सङ्लो पानीलाई धमिलो पारेर आफ्नो नीहित राजनीतिक स्वार्थ साध्नतिर लाग्छन् । मधेशमा अहिले यही चलिरहेको छ ।

बाँकी पृष्ठ-३....

# नेपाललाई पाठ सिकाउने हार

साझाकुरा संवाददाता



काठमाडौं/'वर्षभरि हाम्रो ब्याटिङ उत्कृष्ट थियो । आज पहिलो पटक मलाई ब्याटिङले निराश बनाएको अनुभव भयो । किनकी फिनिसिङ गर्न सकेनौँ । क्रिकेटमा यस्तो हुन्छ', टी-२० त्रिकोणात्मक शृंखलाको फाइनलमा शुक्रबार यूएईसँग हारपछि नेपाली टिमका मुख्य प्रशिक्षक मोन्टी देसाइले भने ।

दशैँको अवसरमा खेलिएको हङकङसमेत सहभागी यस शृंखलामा लिग चरणभर अपराजित रहेको नेपाल फाइनलमा भने यूएईसँग ४ विकेटले पराजित हुन पुगेको थियो । उपाधिका लागि नेपालले दिएको १६३ रनको सामान्य लक्ष्य यूएईले १ बल खेल्नुअघि ५ विकेट गुमाएर भेट्टायो ।

फाइनल पुग्नुअघि नेपालले मूलपानी मैदानमा यूएई र हङकङलाई दुई-दुई पटक पराजित गरेको थियो ।

मोन्टी देसाइको आगमनपछि पछिल्लो एक वर्ष नेपालले ब्याटिङमा उत्कृष्ट प्रदर्शन गर्दै लिग टु मा सनसनीपूर्ण प्रदर्शन गर्दै विश्वकप छनोटमा पुगेको थियो । एसीसी प्रिमियर कप च्याम्पियन बन्दै एसिया कपमा छनोट भएको नेपालले भारत र पाकिस्तान जस्ता टिमसँग पहिलो पटक ओडीआई समेत खेल्यो ।

तर शुक्रबारको ब्याटिङले प्रशिक्षक मोन्टीलाई मात्र नभएर नेपाली समर्थकलाई पनि निराश बनायो । यो हार पनि कस्तो समयमा भयो भने आगामी वर्ष हुने टी-२० विश्वकपका लागि घरेलु मैदानमै हुने एसिया क्षेत्रको छनोटको पूर्व सन्ध्यामा ।

गत महिना चीनमा भएको १९औं एसियाडपछि नेपालको अधिकांश खेल टी-२० का छन् । १९ औं एसियाडपछि नेपालले ८ टी-२० आई खेल्दा यूएईसँग शुक्रबार भएको हार दोस्रो हो । एसियाडमा मंगोलियालाई र माल्दिभ्सलाई हराएको नेपाल भारतसँग भने पराजित भएको थियो ।

यूएईसँगको हार नेपालका लागि चेतावनीको संकेत मान्न सकिन्छ । हारले नेपाललाई पाठ पनि सिकाएको हुनुपर्छ कि खेलमा सधैं एउटै अवस्था हुँदैनर सधैं जित पनि हुँदैन ।

मूलपानीमा भएको चार खेल आरामले जितेर फाइनल पुगेको नेपालले उपाधि जित्ने धेरैको अनुमान थियो । तर ब्याटिङमा नेपालले ठूलो स्कोर बनाउन नसक्दा त्यसलाई रक्षा गर्न झन् कठिन भयो । नेपालले खेललाई अन्तिमसम्म पुर्यालएपनि खेल आफ्नो पक्षमा पार्न असफल रह्यो ।

'टी-२० यस्तो गेम हो जहाँ हरेक चरणमा शतप्रतिशत दिनुपर्छ', प्रशिक्षक मोन्टीले भने, '१३ औं ओभरमा रोहित र दीपेन्द्रको विकेट गुमाएपछि हामीमा प्रेसर पर्यो । त्यो दुई महत्वपूर्ण पक्ष रह्यो जसले गर्दा हामीले ठूलो स्कोर बनाउन सकेनौँ', उनले भने ।

**हारबाट सिकेको पाठ**

१३ कात्तिकबाट काठमाडौंमै टी-२० विश्वकप एसिया छनोट हुँदैछ । त्यसै प्रतियोगिताको तयारीस्वरुप यो त्रिदेशीय शृंखला आयोजना गरिएको थियो । लिग चरणका खेल हेर्दा नेपालले एकपक्षीय रुपमै जित निकालेको थियो र दशैँमा समर्थकलाई खुशी दिएको थियो । फाइनलको एक मात्र हारले धेरैलाई निराश बनायो भने खेलाडीलाई राम्रो पाठ सिकायो ।

अब नेपालले विश्वकप छनोटमा यो गल्ती कमजोरीलाई सुधार गर्दै अघि बढ्नुपर्ने भएको छ । कप्तान रोहितले फाइनलको हार चेतावनीजस्तै जस्तै भएको बताए । 'एक हिसाबले हाम्रो लागि यो अलार्म हो', उनले भने, 'विश्वकप छनोट हाम्रो लागि महत्वपूर्ण छ । अब हाम्रो ध्यान क्वालिफायरमा राम्रो गर्नेमा केन्द्रित हुनेछ ।'

त्रिकोणात्मक शृखंलामा पराजित हुँदा दु:खी भएपनि प्रशिक्षक मोन्टी देसाइले समग्रमा टी २० विश्वकप छनोटका लागि राम्रो तयारी भएको बताएका छन् ।

'टी-२० छनोटलाई मध्यनजर गर्दा हामीले पछिल्लो एक महिना टी-२० फर्मयाटमा राम्रो तयारी गरेका छौँ । एसियन गेम्समा हामी भारतलाई हराउने नजिक पुगेका थियौं । नागपुरमा राम्रो तयारी भयो । यो शृंखलामा पनि समग्रमा राम्रो प्रदर्शन भयो', मोन्टीले टी-२० मा कमब्याक गर्ने अवसर नहुने र सबै क्षेत्रमा राम्रो प्रदर्शन गर्नुपर्नेमा जोड दिए ।

अक्टोबर ३० देखि नोभेम्बर ५ सम्म (कात्तिक १३-१९) हुने टी-२० विश्वकप एसिया छनोटमा नेपालसहित एसियाका उत्कृष्ट ८ एसोसिएट राष्ट्रले प्रतिस्पर्धा गर्नेछन् । जसबाट फाइनल पुग्ने शीर्ष दुई टोली अर्को वर्ष वेष्ट इन्डिज र अमेरिकामा टी-२० विश्वकपमा छनोट हुनेछ ।

एसिया छनोटमा नेपाल समूह ए मा छ । नेपालसँगै ओमान, सिंगापुर र मलेसिया छन् । यूएई, हङकङ, बहराइन र कुवेत समूह बीमा छन् । नेपालले पहिलो खेल सोमबार बिहान ९ बजे कीर्तिपुरमा सिंगापुरसँग खेल्नेछ । समूह ए को सबै खेल, सेमिफाइनल र फाइनल कीर्तिपुरमा हुनेछ भने समूह बी को खेलहरु मूलपानी मैदानमा हुनेछ ।

*(स्रोत: अनलाइनखबर)*

# १२ वर्ष वैदेशिक रोजगारीपछि गाउँ फर्केर गाइपालन



स्याङजा/स्याङ्जाको गल्याङ नगरपालिका-१ मालुङ्गाका ४७ वर्षीय रुक्मागत न्यौपानेले मलेसिया, कतार, दुबई, भारत लगायतका मुलुकमा १२ वर्ष बिताए । विदेशको कमाइबाट सन्तुष्ट हुन नसकेपछि उनी स्वदेशमै स्वरोजगार बन्ने सोचका साथ गाउँ फर्किए । न्यौपानेले गाउँ फर्किएपछि चार साथीहरुको सहकार्यमा भैंसीपालन व्यवसाय सुरु गरे ।

उत्तरवाहिनी पशुपालन फार्ममार्फत पाँच वर्षअघि १५ वटा मुर्रा जातका भैंसीबाट व्यवसाय सुरु गरेका न्यौपानेको फार्ममा अहिले भने होलिस्टेन र जर्सी जातका १५ गाई छन् । गोठ र आवाससहित ३० रोपनी क्षेत्रफलमा फैलिएको फार्म संयुक्त रुपमा ३२ लाखको लगानीबाट सुरु गरिएको थियो । विविध कारणले सहकार्य गरेका साथीहरुले एक वर्ष नहुँदै व्यवसायबाट हात झिकेपछि न्यौपानेले एक्लैले फार्म सञ्चालन गरे ।

'सुरुका दुई वर्ष संयुक्त रुपमा भैंसीपालन गरेका थियौं, भैंसीपालनमा समस्या धेरै देखियो, फार्मको पूर्ण अधिकार मसँग आएपछि गाइ पाल्न सुरु गरेको हुँ", उनले भने, 'अहिले फार्ममा छवटा दुहुना, तीनवटा ब्याउने र सात बाच्छा बाच्छी छन् ।' उनले गाइपालनका लागि नेपियर, जौघाँस, मकैघाँस लगायत उन्नत जातका घाँससमेत लगाएका छन् ।

एउटा गाईले दैनिक सात देखि १५ लिटरसम्म दूध दिने गरेको उनले बताए । दैनिक ५० लिटर दूध उत्पादन गर्दै आएका उनले स्थानीय बजार र तुल्सीभञ्ज्याङ साना किसान दुग्ध सङ्कलन केन्द्रमा दूध बिक्री गर्दै आएका छन् ।

'दूध बिक्रीबाट मासिक एक लाखदेखि डेढ लाखसम्मको कारोबार हुन्छ, खर्च कटाउँदा रु ४०-५० हजार जति बचत हुन्छ', न्यौपानेले भने, 'विदेशमा जस्तो कमाई नभए पनि परिवारको साथमा स्वदेशमै स्वरोजगार बन्न पाउँदा खुसी छु ।' उनले गल्याङ नगर पालिकाले दिएको दूधमा प्रतिलिटर रु १५ अनुदान कार्यक्रमले हौसला मिलेको बताए ।

'जिल्ला भेटेरिनरीबाट र नगरपालिकाबाट चाँपकटरसहित हालसम्म छ लाखभन्दा बढीको अनुदान पाएको छु', न्यौपानेले भने, 'सरकारी निकायबाट राम्रो सेवासुविधा पाएको छु ।" उनले गएको आर्थिक वर्षमा रु एक लाखको हाराहारीमा नगरपालिकाबाट प्रतिलिटर १५ रुपैयाँ अनुदान अन्तर्गतको रकम पाएका थिए ।

न्यौपानेको गाइ फार्ममा हाल तीनजनाले रोजगारी पाएका छन् । श्रीमती र छोरा व्यवसाय टिकाउनका लागि दरिलो सहारा बनेको उनको भनाइ छ । 'म बजार जाँदा श्रीमतीले घाँसपानी र कुँडोको काम गरिदिँदा सहज बनेको छ', न्यौपानेले भने, 'लम्पी स्किन रोगले सताए पनि गाइपालनमा खासै समस्या देखिएको छैन, बजार राम्रो भएकाले गाइपालनलाई अझ व्यवस्थित र विस्तार गर्दै लैजाने सोच बनेको छ ।'

श्रीमती कमलाले विदेश छाडेर गाउँमै श्रीमानसँग काम गर्न पाउँदा खुसी मिलेको बताइन् । 'उहाँ विदेशमा हुँदा कहिले के हुने हो भन्ने चिन्ता हुन्थ्यो, चाडपर्वमा सबैलाई न्यास्रो लाग्थ्यो', कमलाले भनिन्, 'अहिलेसँगै हुँदा मलाई पनि धेरै सहारा मिलेको छ, सुखदु:खमा सँगै हुन पाएका छौं ।' उनले गाइपालन व्यावसायबाट आत्म सन्तुष्टि मिलेको बताइन् ।

नगरपालिकाका पशु शाखाप्रमुख सुशील अर्यालले नगर पालिकाले नगरभित्रका पशुलाई नि:शुल्क बीमा, दूधमा प्रतिलिटर १५ रुपैयाँ अनुदान, ब्याजमा चार प्रतिशत अनुदान, साइजेलमा अनुदान, मल बनाउने तालिम, घाँसको बीउ, बेर्ना, नि:शुल्क उपचार तथा प्राविधिक सेवा लगायतका सहयोग गरेको बताए ।

*(स्रोत: अनलाइनखबर)*

# खेतीमा बढ्दै यान्त्रीकरण : हराउँदै गोरु, फैलिँदै ट्र्याक्टर



काठमाडौं/कुनै बेला खेतीपातिका लागि हलो र गोरु अपरिहार्य थिए । असारमा धान रोप्न होस् वैशाखमा मकै छर्न । घैयाबारीमा तोरी छर्नै होसकी कोदोको बाँझो फुटाएर तरकारी खेति बलिया गोरु र हलो जुवा नभई हुँदैन थियो ।

तर, बढ्दै गएको सहरी केन्द्रित बसाइँ सराइ, युवाको विदेश पलायन र प्रविधिको विस्तारले यतिबेला नेपालको कृषि व्यवहारमै परिवर्तन ल्याइदिएको छ । जसका कारण गाउँ घरमा गोरुको संख्या महत्व हराउँदै गएको छ भने ट्र्याक्टर सहितका कृषि औजारको प्रयोग दिन प्रतिदिन फैलिँदै गएको छ ।

सरकारी तथ्याङक अनुसार २०६८ सालमा ८ लाख ४५ हजार मानिसले कृषि गर्नका लागि ट्र्याक्टरको प्रयोग गरेका थिए । जसअनुसार देशभर ३७ हजारको संख्यामा ट्र्यांक्टरहरु थिए ।

तर, २०७८ सालमा ट्र्याक्टर प्रयोग गर्ने कृषकको संख्या १६ लाख ३९ हजार पुग्यो भने देशभर प्रयोगमा रहेको ट्र्यांक्टरको संख्या पनि ५८ हजार नाघेको सातौं कृषि गणनामा उल्लेख छ । जसरी कृषिमा ट्र्याक्टरको प्रयोग बढ्दो छ यसले परम्परागत हलोको प्रयोग र गोरु पालनमा भने ठूलो गिरावट ल्याइदिएको छ ।

कृषि गणनाको तथ्याङ्क अनुसार कृषि प्रविधिको विस्तारका कारण परम्परागतसंगै आधुनिक फलामे हलोसमेत कृषकबाट विस्थापनको चरणमा देखिन्छ ।

२०६८ सालमा नेपालका १० लाख ७३ हजार कृषक परिवारले फलामे हलोको प्रयोग गरेको थिए । सो बेलाजम्मा जम्मी किसानहरुसँग ८ लाख ५६ हजार फलामे हलो थिए । तर, २०७८ मा आइपुग्दा फलामे हलो प्रयोग गर्ने किसान परिवार संख्या ७ लाख ३ हजारमा झरेको छ । जुन परिवार संख्याका हिसाबले १२ प्रतिशतको गिरावट हो । यस्तै आधुनिक फलामे हलोको कुल संख्या पनि ५ लाख १० हजारमा झरेको छ जुन झण्डै ३ लाख थानले कम हो ।

१० वर्ष अघि नेपालका २२ लाख ८१ हजार कृषकहरुले गाई/गोरु पालेका थिए । त्यो बेला नेपालमा कुल ६४ लाख ३० हजार गोटा गाई र गोरु रहेको सरकारी तथ्याङ्क छ । तर, २०७८ मा आईपुग्दा गाई/गोरु पाल्ने किसान र गाई/गोरुको संख्यामा भारी गिरावट आएको छ ।

अहिले नेपालमा गाई र गोरु पाल्ने किसानको संख्या ५ लाख ७२ हजारले घटेर १७ लाख ७ हजारमा झरेको छ । यस्तै, नेपालमा कुल गाई/गोरुको संख्यामा पनि १८ लाख ४९ हजारले घटेर ४५ लाख ५९ हजारमा आइपुगेको छ ।

नेपालमा पछिल्लो समय कृषि मेशनरीको प्रयोग बढेको नेपालमा ट्याक्टरको कारोबार गर्ने व्यवसायी उमेश नारायण मानन्धर बताउँछन् । उत्पादन बृद्धिका लागि यान्त्रीकरणको महत्व बुझेपछि किसानहरु आकर्षित भएको उनको भनाइ छ ।

'सहजै उपलब्धता, उत्पादकत्व बृद्धि र छिटो काम सम्पन्न हुने भएकाले किसानहरु यान्त्रीकरणमा प्रोतसाहित भएको छ,' कृषि मेशनरी व्यवसायी संघका निवर्तमान उपाध्यक्षसमेत रहेको मानन्धन भन्छन्,' पहिलो तराई र समथर भूभागमा बढी प्रचलनमा रहेको यान्त्रीकरण अहिले बिस्तारै पहाडी क्षेत्रमा पनि बढीरहेको छ ।'

राष्ट्रिय किसान सञ्जालका अध्यक्ष गणेश तिमल्सिना कृषिमा यान्त्रीकरणको प्रयोगले व्यवसायीक खेती बढेको र यसमा श्रमको संख्यामा कमी हुनै गएको बताउँछन् । विश्वमा उन्नत कृषिमा जहिल्यै पनि यान्त्रीकरण पहिलो प्राथमिकतामा रहेको भन्दै नेपालमा ढिलै भए पनि सुखद सुरुआत भएको उनको बुझाइ छ ।

'राष्ट्रिय कृषि गणनाको तथ्याङ्कअनुसार पनि कृषिमा यान्त्रीकरण वृद्धि भएको र कृषिमा सक्रिय जनसंख्या घटेको देखिएको छ,' अध्यक्ष तिमल्सिना भन्छन्, '७१ प्रतिशतले खेती गरेर खान नपुग्ने अवस्थाबाट अब सुधारन हुँदै जाने देखिन्छ ।'

नेपालको पहाडी क्षेत्रमा कृषिमा अझै यान्त्रीकरण चुनौतीपूर्ण रहेको भन्दै उनले सरकारको नीति त्यसतर्फ हुनु पर्ने बताए ।

*(स्रोत: अनलाइनखबर)*

# दशैंमा सौराहाका होटल पर्यटकले भरिभराउ

भरतपुर/दशैं बिदाका समयमा चितवनको पर्यटकीय नगरी सौराहाका होटल भरिभराउ भएका छन् । दशैंअघि सुनसान रहेका होटल दशैंपछि भरिभराउ भएपछि व्यवसायी उत्साहित भएका छन् । सौराहामा आन्तरिकसँगै भारतीय र तेस्रो मुलुकका पर्यटक पनि आएका छन् । दशैं सुरु भएपछि अधिकांश होटल पर्यटकले भरिएको व्यवसायीले बताएका छन् ।

क्षेत्रीय होटल संघ चितवन सौराहाका अध्यक्ष नरेश गिरीले पर्याप्तमात्रामा आन्तरिक तथा बाह्रय पर्यटक नआउँदा निरास पर्यटन व्यवसाय चाडबाड सुरु भएसँगै पुन:तङ्गिन थालेको बताए ।

'दशैंअघि सौराहा सुनसान जस्तै थियो,' उनले भने, 'पर्यटकीय सिजन सुरु भएसँगै पर्यटक बढ्न थालेका छन् ।'

देशमा बढ्दो अर्थतन्त्रको समस्याले कतै आन्तरिक पर्यटकको संख्यामा पनि कमी आउने हो कि भन्ने चिन्तामा रहेका व्यवसायीलाई दशैंको माहोलले भने केही उत्साहित बनाएको गिरीले बताए । उनले दशैंपछि सौराहाका सबै होटल पर्यटकले भरिभराउ भएको जानकारी दिए ।

आन्तरिक तथा विदेशी पर्यटकको चहलपहल बढ्दै जाँदा सुस्ताउँदै गरेको सौराहाको पर्यटनलाई पुन:पुरानै लयमा फर्काउने राम्रो संकेत दिएको सौराहाका पर्यटन व्यवसायी वासु ढुङ्गाना बताउँछन् । उनले दशैंमा पर्यटकको आगमनले व्यवसायीलाई उत्साहित बनाएको बताए ।

दशैंको टीकापछि सौराहामा झनै पर्यटकको संख्या बढेको छ । शुक्रबार साँझ सौराहामा थामिनसक्नु भीड थियो । सौराहाको ड्यामसाइटका रेष्टुरेन्ट तथा होटल भरिभराउ थिए । होटल हर्मिटेजका सौराहाका सञ्चालक रमेश रेग्मी आन्तरिकसँगै सौराहामा बाह्रय पर्यटकको संख्या पनि बढेको बताए ।

उनले बाह्रय पर्यटक आउने समय भएका कारण पनि सौराहामा चहलपहल बढेको भन्दै व्यवसायमा केही उत्साहा थपेको बताए । उनका अनुसार रसिया, अमेरिका, क्यानडा, अष्ट्रेलिया लगायतका देशबाट घुम्नका लागि पर्यटक यहाँ आएका छन् ।

पछिल्लो समय नेपालीमा घुम्ने संस्कृतिको विकास भइरहेको छ । सौराहामा विदेशीभन्दा स्वदेशी पर्यटकको संख्या बढ्दो छ । दशैंका बेलामा घुम्नुपर्छ भन्ने मान्यताले पर्यटकीय क्षेत्र स्वदेशी पर्यटकले नै भरिराउँछ देखिन्छ । आन्तरिक पर्यटक मिता आचार्य दशैं बिदाको समय पारेर सौराहा घुम्न आएको बताउँछिन् ।

उनले सौराहामा रहँदा निकुञ्जमा जीप सफारी र राप्ती नदीमा ढुङ्गा सयर गरेको बताइन् । पर्यटकीय सिजन सुरु भएसँगै आन्तरिक पर्यटक मात्र होइन अहिले विदेशी पर्यटक पनि सौराहामा देखिन थालेका छन् । उनीहरु सौराहा र चितवन राष्ट्रिय निकुञ्ज भ्रमण गर्न पाउँदा खुसी छन् । अमेरिकाबाट घुम्न आएकी पर्यटक एन्जेला भन्छिन्, 'चितवन निकुञ्जका वन्यजन्तुले र चराचुरुङ्गीले मन लोभ्यायो । यहाँको प्राकृतिक वातावरणमा घुम्न पाउँदा मन आनन्दित भयो ।'

पछिल्लो समय आन्तरिक पर्यटकले धान्दै आएको सौराहाका पर्यटनमा स्तरीय होटलको अभाव खड्किदै गइरहेको छ । त्यही अभावलाई पूर्ति गर्न विदेशी पर्यटकलाई लक्षित गर्दै सिद्धार्थ भिलासा वनबासजस्ता रिसोर्ट पनि खुलेका छन् भन्ने अन्य खुल्ने तयारीमा छन् । सौराहा वरपर साना तथा ठूला गरेर एक सय ५० होटल रहेका छन् भने ५० भन्दाबढी रेष्टुरेन्ट रहेका छन् । सौराहामा चितवन राष्ट्रिय निकुञ्जमा जीप सफारीका साथै डुङ्गा सयर, हात्ती सफारीका लागि पर्यटक आउने गरेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# धार्मिक स्वतन्त्रता....

मधेशमा अहिले हिन्दु धर्मको रक्षाका नाममा जस्तो खालका गतिविधि र मानिसहरूको अग्रसरता देखिन्छ, त्यसले सन् २००५-६ देखि २००९-१० सम्म मधेश मुक्तिका नाममा बग्रेल्ती खुलेका सशस्त्र समूहरूको गतिविधिको झल्को दिन्छ ।

सुरुमा माओवादी जनयुद्धबाट मधेशीका नाममा सशस्त्र समूहहरूको उदय भएको थियो जसको राजनीतिक आवरण मधेशीको मुक्ति थियो भने आम्दानीको स्रोत चन्दा आतंक र अपहरण । प्रारम्भमा तिनलाई सीमा वारिपारिका सुरक्षा निकायहरूले माओवादीविरुद्धको समूहका रूपमा देखेका थिए । खुला सिमानाले तिनलाई लुक्न सघाएको थियो ।

मधेशका नाममा आन्दोलन चलन थालेपछि फेरि कतिपयले तिनलाई मधेशमा रहेका पहाडियालाई मात्र दु:ख दिने ठाने । तर अवस्था त्यस्तो मात्र रहेन । सन् २००६ देखि २००९ बीच त्यस्ता सशस्त्र समूहहरूले सबैभन्दा बढी मधेशी व्यापारी, शिक्षक, तत्कालीन गाविसका सचिवहरूलाई र सर्वसाधारणलाई पिरोलेको थियो । मधेशका गाउँदेहात पूरै आक्रान्त भएका थिए । सयौं सर्वसाधारण मधेशी अपहरणमा परेका थिए । चन्दा आतंक मच्चिएको थियो । धेरैको हत्या पनि भएको थियो ।

आज धार्मिक कट्टरताका नाममा अर्धशिक्षित र अर्ध बेरोजगार युवाहरूमा फेरि त्यस्तै अतिवादी शैली बढेको पाइन्छ । अहिले कतिपयलाई लाग्न सक्छ, यो गैरहिन्दुका लागि मात्र समस्याको विषय हो तर ढिलोछिटो यसले पूरै समाजलाई आक्रान्त बनाउने निश्चित छ । बेला छँदै सबैको ध्यान पुगोस् ।

नेपालभित्रकै पनि हिन्दु राष्ट्रवादीहरू पनि छन् जो मधेशलाई हिन्दु राष्ट्रवादको रंगले पोत्न सकियो भने आफ्नो राजनीतिक अभीष्ट पूरा हुन सक्ने ठान्छन् किनभने तिनले सत्ता र राज्यशक्ति अहिले गुमाएका छन् । यसको बाहिरी पक्ष पनि छ ।

२०१९ को डिसेम्बरमा हामी मधेश घुम्दा जनकपुरमा धार्मिक कट्टरता बढ्न थालेको अनुभव गरेका थियौं । जनकपुको मूल सडकलाई फराकिलो बनाएपछि सबै घर गेरु रंगले रंगिएको हामीले देखेका थियौं । त्यसो गर्नलाई जनकपुर उपमहानगरपालिकाले उर्दी जारी गरेको थियो । हामीले त्यति बेलाका आफ्ना लेखहरूमा त्यस कुराको उल्लेख गर्दै भविष्यमा आउन सक्ने समस्याको आशंका गरेका थियौं ।

तेस्रो क्याटगोरीमा यी सबै समुदायबाट आएका बौद्धिक हुन्छन् जसले अध्ययन, अनुभव र करुणाका कारण आफ्नो चेतनास्तर लाई उचालेका हुन्छन्ह भिन्न समुदायप्रति विरासत (जन्म र पालनपोषण) बाट प्राप्त पूर्वाग्रह त्यागी बौद्धिकताका बलमा माथि उठ्न सफल हुन्छन्ह आफ्नो र भिन्न समुदायलाई सम्मान पनि गर्छन् र कुनै सन्दर्भमा आवश्यक परे आलोचना गर्न पनि पछि हट्दैनन् । यस्तो दृष्टिलाई समालोचनात्मक चस्माबाट हेर्नु भनिन्छ जहाँ पूर्वाग्रह र घृणाको सट्टा सद्भावना र समभावना हुन्छ ।

नेपालको धर्मनिरपेक्षता कस्तो हुनुपर्छ र नेपालमा धार्मिक हुने स्वतन्त्रता र यसका परिधिहरू के-कस्ता हुनुपर्छ, जनमानसमा बेलैमा परिभाषित हुन जरुरी छ । लोकतन्त्रमा आम नागरिकले सेक्युलर हुन र धार्मिक हुन नयाँ किसिमले सिक्न जरुरी छ किनभने धर्मनिरपेक्ष हुनु भनेको आफ्नो धर्म मान्नु होह धर्मका नाममा घृणा फैलाउनु, मारकाट गर्नु, अरूलाई दु:ख दिनु, सताउनु, अपमानित गर्नु कदापि होइन ।

(साभार: ई-कान्तिपुर)

# संगीतकै आम्दानीबाट अर्बपति बन्ने पहिलो गायिका बनिन् टेलर स्वीफ्ट



काठमाडौं/ब्लकबस्टर 'इरास टूर'ले आम्दानीमा उछाल आएपछि पपस्टार टेलर स्वीफ्ट अर्बपति बनेकी छन् । प्रतिष्ठित अन्तर्राष्ट्रिय म्यागजिनहरु फोर्ब्स र ब्लूमबर्गले अमेरिकी गायिकालाई अर्बपति घोषित गरेका छन् ।

उनको कूल सम्पति १.१ बिलियन डलर पुगेको जनाइएको छ । यसवर्षको गर्मीयाममा उनको इरास टूर नामक सांगीतिक यात्राले अमेरिकी अर्थतन्त्र उकास्न समेत मद्दत गरेको थियो ।

टेलर स्वीफ्ट अर्बपति बनेको खबर यतिबेला बाहिरिएको छ जतिबेला उनको चौथो एल्बम '१९८९ टीभी' रिलिज तयारीमा छ । ब्लूमबर्गले भनेको छ- टेलर स्वीफ्ट संगीत र प्रस्तुतिको आम्दानीबाट अर्बपति बन्ने एकमात्र गायिका हुन् ।

ब्लूमबर्गले गायिकाको कूल सम्पतिको ठूलो हिस्सा उनको क्याटालगलाई मानेको छ जसको आँकडा ४०० मिलियन डलर मानिएको छ । ३७० मिलियन डलर टिकट बिक्री, स्पटीफाइ र र युट्युवबाट उनको कमाइ १२० मिलियन उल्लेख छ । उनको पाँच घरको मूल्य ११० मिलियन डलर छ ।

विज्ञहरु टेलर स्वीफ्टको इरास टूरको कमाइलाई लिएर चकित छन् । ग्रोथ मार्केट एजेन्सीका क्रिस लेडेनले सीएनएनलाई भनेका छन्- इरास टूरले मनोरञ्जन अर्थशास्त्रको पुस्तक पुनर्लेखन गरिरहेको छ । उनी एक प्रस्तुतकर्ता मात्र हैनन्, उनी आर्थिक परिघटना समेत हुन् ।'

यो टूरबाहेक पप गायिकाको कन्सर्ट फिल्म कन्सर्ट फिल्म 'टेलर स्विफ्ट: द इरास टुर ' ले अमेरिका र क्यानडाको बक्स अफिसमा करिब ९६ मिलियन डलर कमाएको छ । इरास टूर सन् २०२४ को नोभेम्बरमा समाप्त हुने प्रक्षेपण गरिएको छ ।

# टम क्रुजको 'मिसन इम्पोसिबल ८' अब सन् २०२५ मा

काठमाडौं/टम क्रुज र 'मिसन इम्पोसिबल' फ्रेन्चाइजीका फ्यानका लागि स्तब्ध तुल्याउने खबर छ । गत जुनमा रिलिज भएको 'मिसन इम्पोसिबल-डेड रेकनिङ, पार्ट-१' ले यसको दोस्रो श्रृंखलालाई लिएर उत्साह बढाएको छ भने अब पार्ट-२ रिलिजको लागि लामो समय कुर्नुपर्नेछ ।

फिल्मको दोस्रो भाग यसअघि जुन २८, २०२४ मा प्रदर्शनका लागि पूर्वनिर्धारित थियो । नयाँ खबरअनुसार प्यारामाउन्ट पिक्चर्सले अब यसको प्रिमियर एक बर्ष स्थगित गर्ने निर्णय गरेको छ । अब यो फिल्म मे २३, २०२५ मा रिलिज हुँदैछ ।

क्रिस्टोफर म्याक्वेरी निर्देशित 'मिशन: इम्पोसिबल - डेड रेकनिङ, पार्ट १'ले बक्स अफिसमा उत्कृष्ट कमाइ गरेको थियो । सन् २०२३ मा यो धेरै कमाउने फिल्ममध्ये एक हो । नयाँ विवरण अनुसार, यसको दोस्रो भागको रिलिज रोकिनुमा मुख्य कारण हलिउडमा चलिरहेको हड्ताल प्रमुख हो ।

हलिउडमा पछिल्लो सय दिनदेखि कलाकारको हडताल चलिरहेको छ । जसले गर्दा फिल्म निर्माणमा ठूलो नोक्सान पुगेको छ । हलिउड रिपोर्टर म्यागजिनका अनुसार गत जुलाईदेखि नै स्थगित छ । टम क्रूज र क्रिस्टोफर म्याक्वेरी यो फिल्मका लागि उत्कृष्ट दृश्य अनुभव दिन चाहन्छन् । जसको लागि 'एमआई ८'लाई आइम्याक्समा छायांकन गरिने भएको छ । आइम्याक्स खिचिएका 'मिसन: इम्पोसिबल ७' र 'ओपेनहाइमर' लाई प्राप्त सकारात्मक प्रतिक्रियापछि यो निर्णय गरिएको हो । टम क्रुज फेरि एकपटक 'डेड रेकनिङ, पार्ट २' मा आईएमएफ एजेन्ट एथन हन्टको भूमिकामा देखिनेछन् । उनी बाहेक हेली एटवेल, साइमन पेग, भिङ हेंम्स र भेनेसा किर्बी लगायतका ठूला कलाकार पनि फिल्ममा पुन: संलग्न हुनेछन् । हडताललाई ध्यानमा राख्दै प्यारामाउन्ट पिक्चर्सले आफ्ना धेरै फिल्मको रिलिजको समय तालिका सारेको बताइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# हेटौंडा-ढल्केबर-इनरुवा प्रसारण लाइनको तार विस्तारमा अवरोध

साझाकुरा संवाददाता

हेटौंडा, ११ कार्तिक/ देशभित्रको विद्युत प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत व्यापारका लागि निर्माणाधीन हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी डबल सर्किट प्रसारण लाइन आयोजनाको तार तान्ने काम धमाधम भइरहेको छ ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ मा रहेको थानाभऱ्याङबाट सुरु भई धनुषाको ढल्केबर हुँदै सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ मा रहेको इनरुवा सबस्टेशनसम्मको प्रसारण लाइनको लम्बाइ २ सय ८८ किलोमिटर छ । प्रसारण लाइनलाई हेटौंडा-ढल्केबर १३४ किलोमिटर र ढल्केबर-इनरुवा १ सय ५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरी निर्माण भइरहेको छ । हेटौंडा-ढल्केबर खण्डतर्फ ४ किलोमिटर र ढल्केबर-इनरुवा खण्डतर्फ ४० गरी ४४ किलोमिटर तार तानिएको छ । तार तान्न अहिले ढल्केबर-इनरुवा खण्डतर्फ केन्द्रित गरिएको छ ।

पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्ने प्रसारण लाइनका लागि ७ सय ९२ वटा टावर निर्माण गर्नुपर्छ । यसमध्ये ७ सय ५७ वटा टावरको जग हालिएको छ । ७ सय ५० वटा टावर खडा गरिएको छ । स्थानीयले प्रसारण लाइनको 'रुट' सार्न माग गर्दै अवरोध कायम राख्दा बाँकी ३५ वटा टावरको काम नै सुरु हुन सकेको छ । प्रसारण लाइनको मार्गाधिकारमा पर्ने स्थानीयले



ठाउँठाउँमा अवरोध गर्दा तार तान्ने कामसमेत प्रभावित छ । ढल्केबर-इनरुवा खण्डमा अहिले तार तान्ने काम भइरहेको छ । यसका लागि पाँच वटा टोली परिचालन गरिएको छ । यो काम आउँदो पुसभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

यस वर्षको हिउँदका केही महिना मोरङ-सुनसरी औद्योगिक करिडोरलगायत समग्र पूर्वको विद्युत माग धान्नका लागि भारतबाट थप विद्युत आयात र वर्षायाममा देशभित्र खपत गरी बचत भएको विद्युत् निर्यात गर्न यो प्रसारण लाइन जतिसक्दो छिट्टो सम्पन्न गर्नु पर्ने दबाबमा नेपाल विद्युत प्राधिकरण रहेको छ । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको टोलीले हिजो बिहीवार सुनसरीको रामधुनी नगरपालिका क्षेत्रमा भइरहेको तार तान्ने कामको अनुगमन गरेको छ । कार्यकारी निर्देशक घिसिङले रणनीतिक महत्वको हेटौंडा-ढल्केबर-इनरुवा प्रसारण लाइन सम्पन्न गर्न राज्यको सम्पूर्ण संयन्त्रले सहयोग नगर्ने हो भने ठूलो विपत आउनसक्ने बताए ।

हेटौंडा उपमहानगर पालिका वडाहरु १५, १६ र १७ मा रहेको हटिया तथा सर्लाहीको लालबन्दी नगरपालिकाको जियाजोर क्षेत्रमा झन्डै ६ वर्षदेखि निर्माणमा अवरोध छ । हटिया क्षेत्रमा १४ वटा, हेटौंडा-११ को थानाभऱ्याङमा २ वटा र जियाजोर क्षेत्रमा ८ वटा टावर निर्माणमा अवरोध छ । थानाभऱ्याङमा सबस्टेशनमा लाइन छिराउन २ वटा टावर निर्माण गर्नुपर्ने छ । यसबाट ऐलानी जग्गामा बनेका ४६ वटाभन्दा बढी घर प्रभावित हुने छन् । स्थानीय अवरोध खुलाई निर्माणका लागि प्राधिकरणले गरिरहेको निरन्तरको प्रयास पनि सफल हुन सकिरहेको छैन । प्रसारण लाइन मकवानपुर, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, उदयपुर र सुनसरी गरी १० जिल्लामा पर्दछ ।

# मकवानपुरका विभिन्न ठाउँमा दुर्घटना हुँदा १० जना घाइते

साझाकुरा संवाददाता

हेटौंडा, ११ कार्तिक/ मकवानपुरको फरक-फरक तीन स्थानमा भएका सवारी दुर्घटनामा १० जना घाइते भएका छन् ।

जिल्लाको मकवानपुर गढी गाउँपालिका वडा नम्बर-७ दुम्सीडाँडाभित्री कच्ची सडक खण्डमा अटो दुर्घटना हुँदा ७ जना घाइते भएका छन् । दुम्सीडाडाबाट हेटौडा तर्फ जादै गरेको ना २ ह ५१७४ नम्बरको अटो आफै अनियन्त्रित भई सडकबाट ३५ फिट तल खस्दा अटोमा सवार ७ जन घाइते भएको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

यसैगरी, मकवानपुरको थाहा नगरपालिका वडा नम्बर-७ देउखेलमा पालुङ-देउखेल भित्रि सडकखण्डमा देउखेलबाट पालुङ तर्फ आउदै गरेको ना ४ ख ४०८३ नम्बरको बस बाटोमा बिग्रीदा उक्त बसको सहचालक मकवानपुर थाहा नगरपालिका वडा नम्बर-३ बस्ने १९ को प्रशान्त गोपालीले बसको मुनि पसेर सापट कस्ने क्रममा एक्कासि बस गुड्न गई निज सहचालकलाई सोहि बसले किच्दा घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

उनको ट्रमा सेन्टर काठमाडौमा उपचार भइरहेको छ । यसैगरी, मकवानपुरको बागमती गाउँपालिका वडा नम्बर-७ लामिटारमा झुरझुरे तर्फबाट हेटौडा आउदै गरेको ना ३० प ३४८१ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई बिजुलीको पोलमा ठोकिन गई दुर्घटना भएको छ । दुर्घटनामा चालक बागमती गाउँपालिका वडा नम्बर-६ ठाडीखोलाका दुइ जना घाइते भएका छन् ।

# मकवानपुरमा यात्रु ठग्ने सवारी साधनलाई कारबाही

साझाकुरा संवाददाता

हेटौंडा, ११ कार्तिक/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले बढी भाडा लिने सवारी साधनलाई कारबाही गरेको छ । दशैंको मौका छोपेर यात्रुसँग तोकिएको भन्दा बढी भाडा लिने सवारी साधनलाई मकवानपुर प्रहरीले कारवाही गरेको हो ।

यात्रुबाट सवारी साधनले बढी भाडा लिएको गुनासो आएपछि ट्राफिक प्रहरीले बढी भाडा लिने सवारी साधनलाई कारवाही गरेर बढी लिएको भाडा रकम यात्रुलाई फिर्ता गरेको छ । दसैं अवधिभर ट्राफिक प्रहरीले ८ सवारी साधनबाट बढी भाडा वापत २० हजार २ सय ५० रुपैयाँ यात्रुलाई फिर्ता गराएको जिल्ला ट्राफिक कार्यालय हेटौंडा मकवानपुरका प्रमुख वसन्त आचार्यले जानकारी दिए । बढी भाडा लिने र ट्राफिक नियम पालना नगर्नेहरुलाई जनही १ हजारदेखि ५ हजारसम्म जरिवान गरिएको समेत आचार्यले बताए ।



ट्राफिक प्रहरीका अनुसार दसैं अवधिमा मादक पदार्थ सेवन गरेर सवारी साधन चलाउने १५ जना, सिट क्षमताभन्दा बढी यात्रु बोक्ने १ सय ३७ सवारी र यात्रुको टिकट नकाट्ने ३१ सुमोलाई कारवाही गरिएको हो । हेटौंडा-काठमाडौं सुमोभाडा दर ६ सय ५० तोकिए पनि यात्रुसँग १८ सयदेखि १२ सयसम्म लिएको भेटिएपछि प्रतिव्यक्ति ५ सय ५० र १ सय ५० सम्म रकम फिर्ता गराइएको उनले जानकारी दिए ।

सर्लाही-काठमाडौं १२ सय भाडादर तोकिएको भए पनि दुई हजारसम्म लिएकोमा प्रतिव्यक्ति आठ सय रकम फिर्ता गराइएको छ । त्यस्तै, सिमरा-काठमाडौं सुमो भाडादर ८ सय ५० तोकिएको भए पनि एक हजारसम्म यात्रुसँग लिएको भेटिएकोमा प्रतिव्यक्ति १ सय ५० रकम फिर्ता गराइएको मकवानपुर ट्राफिक प्रहरीले जनाएको छ । निजगढ-काठमाडौं ८ सय ५० भाडादर तोकिएको भए पनि १ हजार ५ सय लिएकोमा प्रतिव्यक्ति ६ सय ५० रकम फिर्ता गराइएको प्रहरीले जानकारी दिएको छ ।

# चित्लाङमा पाराग्लाइडिङ सञ्चालनमा



साझाकुरा संवाददाता

हेटौंडा, ११ कार्तिक/ काठमाडौं उपत्यकानजिकको चर्चित 'हिल स्टेसन' चन्द्रागिरिमा पाराग्लाइडिङको व्यावसायिक उडान सुरु गरिएको छ । नेपालकै पहिलो प्रशिक्षक पाइलट सानोबाबु सुनुवारको कम्पनी बाबु एड्भेन्चर्सले पाराग्लाइडिङ सञ्चालनमा ल्याएको हो ।

भालेश्वर मन्दिरबाट २० मिनेट पश्चिमतर्फको चन्द्रागिरि डाँडाबाट पाराग्लाइडिङ उडान सुरु हुने सुनुवारले जानकारी दिए । समुद्र सतहबाट १७ सय मिटरको उचाइमा रहेको मकवानपुरको चित्लाङमा पाराग्लाइडिङको अवतरण गरिन्छ । पाराग्लाइडिङ उडानका क्रममा भालेश्वर मन्दिरको 'एरियल भ्यु'का साथै काठमाडौं उपत्यकाको अधिकांश भूभागको अवलोकन गर्न सकिनेछ । रसुवा र धादिङका भूभाग समेत देख्न पाइने उडानबाट मकवानपुरको टिस्टुङ, पालुङलगायत मानवनिर्मित इन्द्रसरोवर तालको समेत आकर्षक दृश्यावलोकन गर्न सकिन्छ ।

कम्पनीले चन्द्रागिरिमा पाराग्लाइडिङमा उड्नका निम्ति प्रतिव्यक्ति आठ हजार रुपैयाँ शुल्क तोकेको छ । सो शुल्कमा १५ देखि २५ मिनेटको पाराग्लाइडिङ उडान, सो अवधिको फोटो तथा भिडियोका साथै गाडीमा काठमाडौंबाट पाराग्लाइडिङस्थलसम्मको जाने-आउने सुविधा उपलब्ध हुनेछ । सोही प्याकेजका निम्ति प्रत्येक विदेशी नागरिकले १२ हजार रुपैयाँ शुल्क तिर्नुपर्ने सुनुवारले बताए ।

कम्पनीको सवारीमा जाने-आउने सुविधा नलिने नेपालीले सात हजार २०० रुपैयाँ तिरेर पाराग्लाइडिङ उडानको मजा लिन सक्नेछन् ।

# साहित्य संगमको ३३६ औं सन्ध्यामा कविता वाचन

साझाकुरा संवाददाता

हेटौंडा, ११ कार्तिक/ साहित्य संगम मकवानपुरको ३ सय ३६ औं नियमित साहित्य सन्ध्यामा बालपुस्ताका नवसर्जक ऋत्विक केवी र समर्पण न्यौपानेको संयुक्त कविता सुनिएको छ ।

ऋत्विक र समर्पणले समान ३२३ वटा कविता सुनाएका थिए । ऋत्विकले आमा, समय, र प्रेत आत्मा शिर्षकका कविता सुनाउदा समर्पणले चोमोलुङ्मा,सगरमाथा र एभरेष्ट, टेबलमुनि के छ र इतिहास र मान्छे शीर्षकका कविता सुनाए । मकवानपुर जिल्लाकै अग्रणी साहित्यिक संस्थाको नियमित सन्ध्यामा ऋत्विक र समर्पणको कविताका साथै २४ स्रष्टाले रचना सुनाएका थिए । सन्ध्यामा सुनाइएका रचनाको समिक्षा गर्दै मकवानपुरे साहित्यकार सुवास खनालले भने 'रचनाहरु देश, समय सान्दर्भिक राजनीतिसँग रहेका छन् । बालपुस्ता र नवयुवा पुस्तालाई पनि साहित्यमा स्थान दिनुपर्छ ।', साहित्य संगम मकवानपुरका अध्यक्ष डिबि बतौलाको सभाध्यक्षतामा तथा अग्रज साहित्यकार तुल्सी घिमिरेको प्रमुख आतिथ्यतामा भएको सन्ध्यामा साहित्यकार निमेष निखिल, श्याम कुमार बानियाँ, भावना सापकोटा, छवि सुवेदी, मसान उपासक, सम्प्रस पौडेल, किशन पौडेल, देवराज खरेल लगायतको उपस्थिति थियो ।

# मकवानपुरमा अवैध कपडा बरामद

साझाकुरा संवाददाता

हेटौंडा, ११ कार्तिक/ मकवानपुर प्रहरीले शुक्रबार बिहान अवैध कपडा बरामद गरेको छ । प्रहरीले पूर्व-पश्चिम राजमार्ग अन्तर्गत पर्ने हेटौंडा उपमहानगरपालिका वडा नम्वर १५, रातोमाटेबाट ८ लाख रुपैयाँ बराबरको अवैध कपडा बरामद गरेको हो ।

प्रहरीले साडी ४ सय ५३ थान, सर्ट ९३ थान, कुर्ता सेट १ सय ५३ थान, सल १ सय ४२ थान, टप्स सेट १ सय ८५ थान, सिंगल टप्स ५ थान र सुरुवाल ६१ थान गरी ८ लाख रुपैयाँ बराबरको कपडा बरामद गरेको प्रहरीले प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

प्रहरीका अनुसार, वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको प्रदेश २-०३-००१ च ६२९५ नम्बरको सानो डिब्बा गाडी चेक गर्दा उक्त परिमाणको कपडा बरामद गरेको हो । प्रहरीले बरामद कपडा र गाडी चालकलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ ।

# चुरियामाईमा क्रेन दुर्घटना हुँदा एक जनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ११ कार्तिक/ मकवानपुर र बाराको सीमानामा पर्ने चुरियामाई मन्दिर नजिक सवारी दर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा वीरगंज ३० लालपर्सा बस्ने वर्ष १८ का बिपिन महतो रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

बिहीवार पूर्वपश्चिम सडकखण्ड हुँदै हेटौंडातर्फ आउँदै गरेको ना १ क ६०५५ नम्वरको हाइड्रा क्रेन हेटौंडा उपमहानगर पालिका वडा नम्वर १५ चुरियामाई स्थित खण्डमा आफैं अनियन्त्रित भई पल्टिएको थियो ।

दुर्घटनामा घाइते भएका क्रेनका सह-चालक महतोलाई हेटौंडा अस्पताल लगिएकोमा उपचारको क्रममा उनको मृत्यु भएको हो ।

दुर्घटनामा वीरगंज-३० निवासी ३० वर्षीय दसरथ पासवान घाइते भएको र उनलाई उपचारको लागि अस्पताल लगिएको प्रहरीले जनाएको छ ।

# स्थापना दिवसमा तरुण दलद्वारा खाद्यान्न सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ११ कार्तिक/ नेपाल तरुण दल मकवानपुरले शुक्रबार खाद्यान्न सहयोग गरेको छ । उसले ७१ औं स्थापना दिवसको अवसरमा खाद्यान्न सहयोग गरेको हो ।

तरुण दलले स्थापना दिवसको अवसरमा हेटौंडा-१४, मयुर थधापस्थित अनाथ, अपाङ्ग बाल पुनर्स्थापना केन्द्रमा दाल, चामल, नुन, तेल, प्याज तथा आलुलगायत खाद्यान्न सहयोग गरेको हो ।

नेपाल कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, कांग्रेस मकवानपुर पूर्वसभापति रघुरमण न्यौपाने, तथा सचिव इश्वर पाठकले संस्थाका अध्यक्ष रामहरि कोइरालालाई खाद्यान्न हस्तान्तरण गरेका थिए ।

# नागस्वतीको जुवा खालबाट ९ जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, ११ कार्तिक/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा-७ नागस्वतीस्थित तास खालबाट ९ जनालाई पक्राउ गरेको छ ।

बिहीबार साँझ हेटौंडा-७, देवीवन टोलस्थित गोकुल नाथ पौडेलको घरमा तास खेलिरहेको अवस्थामा पौडेलसहित ९ जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

तास खेलिरहेको स्थानबाट ४ लाख ६५ हजार ३ सय ९० रुपैयाँ नगद सहित हेटौंडा-८ बस्ने अजय खड्का, मंदिप पौडेल, रोहित कुमार केबी, भरत तितुङ, हेटौंडा-७ बस्ने रुपक चौलागाई, बिरेन्द्र खत्री, सबिन चौलागाई, गोकुल नाथ पौडेल र हेटौंडा-१५ बस्ने ओम घलानलाई नियन्त्रणमा लिइएको प्रहरीले जानकारी दिएको छ ।


## हार्दिक समवेदना



स्व. महालक्ष्मी दाहाल

निर्माण व्यवसायी संघ मकवानपुरको सल्लाहकार सुनिल दाहाल ज्यू र औषधी व्यवसायी संघ, बागमती प्रदेश सदस्य सुधिर दाहाल ज्यूको ममतामयी माता **महालक्ष्मी दाहाल**को अल्पायुमै निधन भएकोले हामी स्तब्ध भएका छौं । साथै शोकको यस घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त पविारजनमा धैरेधारण गर्ने शक्ति प्रदान होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

बाल गोपाल कंडेल (अध्यक्ष) एवम्

**निर्माण व्यवसायी संघ मकवानपुर परिवार**

## हार्दिक समवेदना



जन्म: १९८९/03/06

स्वर्गारोहण: २०८०/07/04

स्व. निल बहादुर तिमल्सिना (के.सी.)

निर्माण व्यवसायी संघ मकवानपुरको साधरण सदस्य बाल कृष्ण के.सी. को पूजनीय पिता **निर बहादुर तिमल्सिना (के.सी.)** को अल्पायुमै निधन भएकोले हामी स्तब्ध भएका छौं । साथै शोकको यस घडीमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै शोक सन्तप्त पविारजनमा धैरेधारण गर्ने शक्ति प्रदान होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

बाल गोपाल कंडेल (अध्यक्ष) एवम्

**निर्माण व्यवसायी संघ मकवानपुर परिवार**

## साउथ एसियन ब्रुअरी प्रा. लि. को सूचना

साउथ एसियन ब्रुअरी प्रा. लि. ले बीयर उत्पादन गर्नको लागि बाग्मती प्रदेश, मकवानपुर जिल्ला, हेटौडा उप महानगरपालिका वार्ड न. ८, को हेटौडा औद्योगिक क्षेत्रमा उद्योग स्थापना गर्ने क्रममा हाल वातावरणीय अध्ययन कार्य भैरहेको छ । वातावरण संरक्षण ऐन २०७६ को दफा (३५) र वातावरण संरक्षण नियमावली २०७७ को नियम ७ को प्रावधान अनुरुप वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाइको आयोजना गरि राय सुझाब संकलन गर्नु पर्ने व्यवस्था अनुरुप निम्न उल्लेखित स्थान र समयमा आयोजना गरिने सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी भइ आफ्नो राय सुझाब प्रदान गरिं दिन हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रस्तावित उद्योग स्थापित स्थल : हेटौडा औद्योगिक क्षेत्र भित्र, हेटौडा उप महानगरपालिका वार्ड न. ८
२. प्रस्तावित उद्योगको बार्षिक क्षमता : बीयर २००,०००.०० हेक्टो लि. उत्पादन
३. प्रस्तावित उद्योगको जग्गा क्षेत्रफल : १०५.३६ रोपनी छेत्रफल जग्गा "Plot no A.1"
४. सार्वजनिक सुनुवाई हुने स्थान, समय : उद्योग संघ, हेटौंडाको सभा हल, हेटौंडा औद्योगक क्षेत्र, हेटौंडा-८
**मिति :** २०८०/०७/१९, दिनको : ११ बजे

इति संवत् २०८० साल कार्तिक महिना १२ गते १ रोज शुभम् ........... ।

## हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

मिति २०८०/०७/०२

## व्यवसाय दर्ता घुम्ती शिविर सन्चालन सम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र व्यापार वा पेशा व्यवसाय संचालन गरिरहनु भएकाहरुको लागि आ.व. २०८०/८१ को पौष मसान्तसम्म व्यवसाय दर्ता गर्न आएमा एक पटकको लागी विगत ३ वर्षको मात्र राजश्व लिई व्यवसाय दर्ता घुम्ती परिचालन छोली निम्न वडा ३, ४, ५, ६, ७, ८, ९, ११, १२, १३, १४, १५, १६, १७, १८ र १९ वडाहरुमा मिति २०९० कार्तिक १३ गते देखि पौष मसान्तसम्म तपशिल अनुसारको मितिहरुमा सन्चालन गरिने भएको हुंदा सम्बन्धित व्यवसायी, उद्यमी, सस्थागत विद्यालय, निजी कम्पनि, व्यापार व्यवसाय लगायतका बिभिन्न आयमूलक काममा संलग्न फार्महरुलाई व्यवसाय दर्ता गर्नु हुन जानकारी गराईन्छ । र बांकी वडाका व्यवसायीहरुले आफुलाई पायक पर्ने वडा तथा हे.उ.म.न.पा.को राजश्व शाखामा आई व्यवसाय दर्ता गर्न सकिने छ । साथै व्यवस्थाय दर्ता गर्न आउँदा तपशिलका कागजात लिइ आउनु हुन अनुरोध गरिन्छ ।

**तपशिल**:-
१. व्यवसाय दर्ता निवेदन पत्र ।
२. व्यवसाय अन्य निकायमा दर्ता भएको भए सोको प्रतिलिपी ।
३ आफ्नै छ र भएमा लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी (एकाघरको हकमा मन्जुरीनामा ) ।
४. बहालमा भएमा घर धनिको लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी साथै बहाल सम्झौता पत्रको प्रतिलिपी ।
५. व्यवसायीको नेपाली नागरिकताको फोटोकपी र दुई प्रति पासपोर्ट साइजको फोटो ।
६. कम्पनी/प्रा.लि. को हकमा प्रवन्धपत्र, नियमावली, प्रा.लि.दर्ता प्रमाण पत्रको प्रतिलिपी,अख्तियार नामा लिई दर्ता गर्न आउने व्यक्तिको नागरिकताको प्रतिलिपी, तथा कम्पनीको छाप अनिवार्य ।
७. सर्जिमिन गर्नुपर्ने प्रकृतिका व्यवसायलाई स्थलगत सर्जिमिन मुचुल्का तथा वडाको सिफारिस ।

पुनश्च :-
माथि उल्लेखित कागजात नभएमा निम्न कागजाश पेश गर्नु पर्नेछ ।
१. ऐलानी तथा पर्ती जग्गामा अस्थाई बसोबास गर्ने व्यक्तिहरुले जग्गा धनी प्रमाण पुर्जा (निस्सा कार्ड)
२. सम्बन्धित वडा कार्यालयको शिफारिस ।
३. बिगतका सुकुम्बासी समाधान आयोगमा दर्ताको लागि पेश गरेको निस्सा र खानेपानी तथा बिद्युत मिद्दर जडानको प्रमाइँ लिई आउनु हुन जानकारी गराईन्छ ।

**तपशिलका वडा कार्यालयहरुमा व्यवसाय घुम्तीशिविर सन्चालन गरिने ५ ।**

| सि.नं. | वडा नं. | मिति |
|---|---|---|
| १ | १९ | २०८०/०७/१३ देखि २०८०/०७/१५ |
| २ | ३ | २०८०/०७/१६ देखि २०८०/०७/१९ |
| ३ | ११ | २०८०/०७/२० देखि २०८०/०७/२२ |
| ४ | १२ | २०८०/०७/२३ देखि २०८०/०७/३० |
| ५ | १३ | २०८०/०८/०४ देखि २०८०/०८/०६ |
| ६ | १४ | २०८०/०८/०७ देखि २०८०/०८/१० |
| ७ | १५ | २०८०/०८/११ देखि २०८०/०८/१३ |
| ८ | १८ | २०८०/०८/१४ देखि २०८०/०८/१७ |
| ९ | १७ | २०८०/०८/१८ देखि २०८०/०८/२० |
| १० | १६ | २०८०/०८/२१ देखि २०८०/०८/२४ |
| ११ | ६ | २०८०/०९/२५ देखि २०८०/०८/२७ |
| १२ | ७ | २०८०/०८/२८ देखि २०८०/०९/०१ |
| १३ | ८ | २०८०/०९/०२ देखि २०८०/०९/०४ |
| १४ | ९ | २०८०/०९/०५ देखि २०८०/०९/०८ |
| १५ | ४ | २०८०/०९/११ देखि २०८०/०९/१३ |
| १६ | ५ | २०८०/०९/१६ देखि २०८०/०९/१८ |

**हेटौडा उपमहानगरपालिका**
**राजश्व प्रशासन शाखा**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना